"सहकार्यमा उत्कृष्ट वित्तिय समाधानका लागि चण्डेश्वरी साकोस"
जि.स.का.द.नं. ५४/०५०/५१

पान नं. ३०१३७२६६४

NEFSCUN

# चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS BRONZE



२९औं

# वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८

## वार्षिक साधारण सभा-२०७८

२०७८ मंसिर २५ गते, शनिवार

बनेपा-८, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२९१४, ६६१७३२

# सञ्चालक तथा लेखा समिति



| | | | | | | |
|---|---|---|---|---|---|---|
| विकास बादे<br>अध्यक्ष | जय ओम बादे<br>उपाध्यक्ष | राम प्रसाद श्रेष्ठ<br>सचिव | रमेश काजी श्रेष्ठ<br>सह-सचिव | नविन भक्त बादे<br>कोषाध्यक्ष | हेमन्त राज प्रधान<br>सह-कोषाध्यक्ष | गणेश कुमार रंजित<br>सदस्य |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूर्ण पोटे<br>सदस्य | जितेन्द्र भक्त पोटे<br>सदस्य | रोशना राजबंशी<br>सदस्य | रुकमणी देवी पोटे (राजभण्डारी)<br>सदस्य | सुरेन्द्र प्रजापति<br>लेखा संयोजक | बुद्धरत्न मानन्धर<br>लेखा सदस्य | बिनय कृष्ण कायस्थ<br>लेखा सदस्य |

# सल्लाहकार तथा उप-समिति



| | | | | | | |
|---|---|---|---|---|---|---|
| बालभक्त प्रधान<br>सल्लाहकार | इन्द्रनारायण भैल<br>सल्लाहकार | ओमकाजी प्रजापति<br>कानूनी परामर्शदाता | रोशना राजबंशी<br>संयोजक महिला | शारदा देवी बादे श्रेष्ठ<br>सदस्य महिला | रचना न्हुँच्छे प्रधान बादे<br>सदस्य महिला | रीता मानन्धर<br>सदस्य महिला |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| बिमला पोटे<br>सदस्य महिला | पूर्ण पोटे<br>संयोजक शिक्षा | रीता बादे<br>सदस्य शिक्षा | जोत्सना सैंजु कायस्थ<br>सदस्य शिक्षा | रुकमणी देवी पोटे (राजभण्डारी)<br>संयोजक समूह बचत | सुबन कुमार प्रधान<br>सदस्य समूह बचत | दया प्रजापति<br>सदस्य समूह बचत |

# व्यवस्थापन समूह



| | | | | | |
|---|---|---|---|---|---|
| रबिन्द्र भक्त पोटे<br>प्रवन्धक | रमेश श्रेष्ठ<br>बरिष्ठ अधिकृत | सत्य नारायण श्रेष्ठ<br>अधिकृत | रमिता पोटे<br>बरिष्ठ कार्यालय सहायक | सुशिला पोटे<br>बरिष्ठ कार्यालय सहायक | शान्ति कैठी<br>बरिष्ठ कार्यालय सहायक |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुनिता मानन्धर<br>बरिष्ठ कार्यालय सहायक | संगीता जोशी<br>कार्यालय सहायक | शुशिला प्रधान<br>कार्यालय सहायक | नविना श्रेष्ठ<br>कार्यालय सहायक | सुमित्रा मिजार रोक्का<br>कार्यालय सहायक | मिरा श्रेष्ठ (कुट्टवाजु)<br>कनिष्ठ सहायक | सलिन श्रेष्ठ<br>कनिष्ठ बजार सहायक |



| | | | | | |
|---|---|---|---|---|---|
| अन्जना कुइकेल<br>कनिष्ठ बजार सहायक | सरस्वती महाजु<br>कनिष्ठ बजार सहायक | जमुना श्रेष्ठ<br>कनिष्ठ बजार सहायक | श्याम श्रेष्ठ<br>कार्यालय सहयोगी | मान बहादुर नार्तेन<br>सेक्युरिटी गार्ड | बुद्धमाया नार्तेन<br>आंशिक सहयोगी |

"सहकार्यमा उत्कृष्ट वित्तिय समाधानका लागि चण्डेश्वरी साकोस"

# वार्षिक प्रतिवेदन पुस्तिका
## २०७८

प्रकाशन

CSACCOS

**चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.**
बनेपा-८, तीनदोबाटो, करुणामार्ग
फोन नं.: ०११-६६२९१६, ६६१७३२
E-mail: chandibachat@mail.org
www.chandeshwori.coop.np

मुद्रण

**सर्वश्री क्वालिटी प्रिन्टर्स**
बनेपा-७, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६०५८५
मो. नं. ९८५१०२९३९७, ९७५१०२९३९७

## यस भित्र

- अध्यक्षको मन्तव्य
- सचिवको प्रगति प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०७८/०७९ लागि अनुमानित बजेट तथा कार्यक्रम
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन
- स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन
- शिक्षा तथा समाजकल्याण उप-समितिको प्रतिवेदन
- महिला विकास उप-समितिको प्रतिवेदन
- समूह बचत कार्यक्रम संचालन उप-समितिको प्रतिवेदन
- ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको प्रतिवेदन
- विनियम संसोधन

३१ औं स्थापना दिवस

*(दर्ता बमोजिम २८ औं)*
*वि.सं. २०७८ साल असार २ गते*

*आज हामी हाम्रो यात्राको ३१ औं (दर्ता बमोजिम २८ औं) वर्षमा प्रवेश गरेका छौं।*

*स्थापना काल देखि हालसम्म यस संस्थालाई हर पल साथ दिदैं संस्थाको प्रगतिमा सदैव सद्भाव व्यक्त गर्दै आउनु भएका समस्त शेयर सदस्य महानुभावहरू लगायत सम्पूर्ण शुभचिन्तकहरूमा हृदय देखि नै कृतज्ञता एवं आभार व्यक्त गर्न चाहन्छौं।*

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ACCESS BRONZE


बाल बचत
www.chandeshwori.coop.np


"सहकार्यमा उत्कृष्ट वित्तीय समाधानका लागि चण्डेश्वरी साकोस"
ज्येष्ठ नागरीक बचत
चण्डेश्वरी
बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
नेफ्स्कून
तिनदोबाटो, बनेपा ८, काभ्रे
०११ ६६२९१४
info@chandeshwori. coop.np
www.chandeshwori.coop.np


चाँड पर्व बचत


कृषि ऋण
www.chandeshwori.coop.np


शैक्षिक ऋण


घर निर्माण ऋण
www.chandeshwori.coop.np


दैनिक बचत
www.chandeshwori.coop.np


हायर पर्चेज ऋण
TOURIST


सेवा व्यवसाय ऋण
www.chandeshwori.coop.np

"सहकार्यमा उत्कृष्ट वित्तिय समाधानका लागि चण्डेश्वरी साकोस"
जि.स.का.द.नं. ५४-०५०/५१

पान नं. ३०१३७२६६४

"नियमित बचत गरी भविष्य निर्माण गरौं"

नेफस्कून

# चण्डेश्वरी
## बचत तथा ऋण सहकारी संस्था लि.
CHANDESHWORI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

ACCESS BRONZE
ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

प.सं. ४७४-०७८/०७९ मिति :–२०७८/०७/११ गते
च.नं. २७८

श्री ..........................................................

..........................................................

शेयर सदस्यता नं. ......................

विषय :- **२९ औं बार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा।**

यस संस्थाको मिति २०७८/०६/०९ गते बसेको संचालक समिति बैठक निर्णय अनुसार तपशिलको मिति, समय, र स्थानमा निम्न बिषयहरु माथि छलफल गरी निर्णय लिन यस संस्थाको २९ औं बार्षिक साधारण सभा हुने भएकोले यहाँको अनिवार्य उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ साथै कुनै सुझाव तथा प्रस्ताव भएमा निम्न कार्यक्रम अनुसार पेश गर्नुहुन अनुरोध गरिन्छ।

**छलफलका विषयहरु :–**

(१) गणपुरक संख्या सम्बन्धमा।
(२) आ.ब. २०७७/०७८ को सचिवको बार्षिक प्रगति तथा आगामी आ.ब. २०७८/०७९ को नीति तथा भावी कार्यक्रमको प्रतिबेदन सम्बन्धमा।
(३) आ.ब.२०७७/०७८ को कोषाध्यक्षको बार्षिक आयव्यय तथा आगामी आ.ब.२०७८/०७९ अनुमानित बजेटको प्रतिबेदन सम्बन्धमा।
(४) आ.ब. २०७७/०७८ को लेखा सुपरिबेक्षण समितिको बार्षिक प्रतिबेदन सम्बन्धमा।
(५) आ.ब. २०७७/०७८ को उप-समितिहरुको बार्षिक प्रतिवेदन सम्बन्धमा।
(६) आ.ब. २०७७/०७८ को लेखा परिक्षण प्रतिबेदन सम्बन्धमा।
(७) आ.ब. २०७७/०७८ को लेखा परिक्षक नियुक्तिको अनुमोदन तथा २०७८/०७९ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा।
(८) संस्थाको स्थिर सम्पत्ति तथा धितो लिलामबाट प्राप्त सम्पत्ति बिक्री सम्बन्धमा।
(९) संस्था एकिकरण सम्बन्धमा।
(१०) संरक्षित पुँजी फिर्ता कोष रकम वितरण सम्बन्धमा।
(११) शेयर लाभाशं सम्बन्धमा।
(१२) विनियम संशोधन, आन्तरीक नीति तथा कार्यबिधि पारित तथा संशोधन सम्बन्धमा।
(१३) बैठक भत्ता तथा सुविधा तोक्ने सम्बन्धमा।
(१४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्य प्रतिनिधीहरुको छनौट गर्ने सम्बन्धमा।
(१५) बिबिध।

**सुझाव संकलन तथा प्रस्ताव पेश गर्ने कार्यक्रम**

| मिति | सदस्यता नं.देखि | सम्म |
|---|---|---|
| २०७८/०८/१८ गते | ०००१ | २२४५ |
| २०७८/०८/१९ गते | २२४६ | ४९९० |
| २०७८/०८/२० गते | ४९९१ | ७१६० |
| २०७८/०८/२१ गते | ७१६१ | ८८९० |
| २०७८/०८/२२ गते | ८८९१ | १०५४३ |

**समय : बिहान १० बजेदेखि दिउँसो ३ :०० बजेसम्म**
**स्थान : बनेपा–८, लायकु राजमन्च (शिक्षा सदन मा.बि. स्कुल अगाडीको चौर)**

**साधारण सभा कार्यक्रम**

**मिति :** २०७८/०८/२५ गते शनिवार
**समय :** बिहान ११ :०० बजे
**स्थान :** पञ्चकन्या बैंक्वेट, बनेपा-८, पुलबजार

..............................
**राम प्रसाद श्रेष्ठ**
सचिब

**पुनश्च :** बार्षिक साधारण सभामा उपस्थित हुने सदस्यहरुलाई प्रति शेयर सदस्य रु.३००।- साधारण सभा उपस्थित भत्ता कर संस्थाले व्योहोर्ने गरी प्रदान गरिने छ।

**कृपया साधारण सभा सम्बन्धी सूचना पत्र पछाडी हेर्नुहोला।**

बनेपा-८, तिनदोबाटो करुणामार्ग, काभ्रे फोन : ०११-६६२९१४, फ्याक्स: ९७७-६६१७३२, ई-मेल: chandibachat@mail.org, chandisaccos@gmail.com वेवसाइट: www.chandeshwori.coop.np

## परिकल्पना (Vision)

"सदस्यहरुको सम्पूर्ण बित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित, र दिगो संस्था ।"

## ध्येय (Mission)

"सर्वशुलभ, गुणस्तरीय, प्रतिस्पर्धात्मक तथा नविन प्रविधीमा आधारित वित्तिय सेवाहरु, तालिम, शिक्षा एवंम् सूचना मार्फत सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहयोग गर्ने ।"

## संस्थाका मूल्य मान्यताहरु (Core Values)

- यस संस्थाले सहकारीका सर्बमान्य (अन्र्तराष्ट्रिय) सिद्धान्तहरुलाई आत्मसात गरी कार्य संचालन प्रक्रियामा त्यसलाई अनुशरण गर्नेछ ।
- सदस्यहरुलाई उत्पादन तथा सेवा उपलब्ध गराउदा नियमित रुपमा सदस्यहरुको आवश्यकता प्रति जानकारी राख्दै प्राकृतिक न्यायका आधारमा भेदभाव नगरी सेवा प्रदान गर्नेछ ।
- सदस्य तथा सरोकारवालाहरुलाई संस्थासंग सम्बन्धित सांचो तथा तथ्यपरक सूचना तथा जानकारी गराईन्छ र सेवा प्रदान गर्ने क्रममा सदस्यहरुलाई विशेष ख्याल,प्रतिबद्धता र इमान्दारिता प्रदर्शन गर्नेछ ।
- प्रभावकारी सूचना तथा संस्था संचालन प्रणालीको सहयोगमा प्रशिक्षित कर्मचारीहरुद्धारा कार्य कुशलता प्रदर्शन गरी, समयामा नै सधैजसो सदस्यहरुलाई प्रभावकारी र छिटो छरितो सेवा प्रदान गर्नेछ ।
- समुदायका न्यून आय भएका तथा पछाडि परेका व्यक्तिहरुसंग आपसी सहयोग र शशक्तिकरणका माध्यमवाट कार्य गरिने भएकाले संस्थाको सेवा लिने जो कोहीलाई उत्तिकै सम्मान तथा आदर गर्नेछ ।
- सदस्यहरु एवं समुदाय, सरकार र अन्य निकायहरुसंग व्यवहार (वित्तिय/गैरवित्तिय) गर्दा हामी उनीहरुको अपेक्षालाई बुझ्दै गुणस्तरीय सेवा प्रदान गर्नेछौ । संस्थाका हरेक गतिवीधीहरु पारदर्शी हुनेछन । व्यवस्थापन र उपसमितिले संचालक समिति र लेखा सुपरिबेक्षण समिति एवं संचालक समितिले साधारण सभा प्रति जवाफदेही बनी कार्य गर्नेछ ।
- कानूनले बाध्य पारेको अबस्थामा बाहेक सदस्यहरुले संस्थामा गरिने सम्पूर्ण वित्तिय कारोवारहरुको गोपनियतालाई सदा कायम गरी राख्ने छौं ।
- सदस्यहरुको आवश्यकता पुरा गर्नका लागि निस्किने कुनैपनि उपायलाई हामी पहिचान गर्नेछौ । हामी सक्रिय रुपमा नयां कार्यक्रम,स्किम तथा कार्य विधिहरु पहिल्याउन कोशिश गर्नेछौं । जसले हाम्रा विद्यमान गतिविधीहरुको प्रभावकारीता र कार्यकुशलतामा सुधार ल्यायोस जुन नियमित हुने प्रकृया र प्रणालीको परिवर्तनको एक अंग हुनेछ ।
- संस्थामा सुशासन कायम गरि राख्नका लागि हामी सदैव प्रतिबद्ध रहने छौं ।
- सदस्यहरुबाट प्राप्त सुझावहरुलाई हामी मार्गदर्शनको रुपमा लिई अगाडी बढ्ने छौं ।

# अध्यक्षको मन्तव्य



**बिकास बादे**
अध्यक्ष

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को २९ बार्षिक साधारण सभामा पाल्नु भएका मुख्य अतिथि, अतिथि, सञ्चालक समितिका पदाधिकारी लेखा सुपरिवेक्षण समितिका तथा विभिन्न उपसमितिका पदाधिकारि तथा सदस्य ज्यू हरु संस्थाका कर्मचारि संस्थाका आदरणीय सल्लाहकारज्यूहरुमा यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी मय अविभादन टक्र्याउन चाहान्छु ।

विश्वभरी कोभिड १९ को माहमारी फैलिरहेको अवस्थामा संसार भरिका कुनैपनी संघ संस्थालाई प्रभाव नपारेको छैन् । यसै कारणले गर्दा यस संस्थालाई पनी निकै नै प्रभाव पारेको छ । संस्थाले गर्नुपर्ने बार्षीक कार्यक्रमहरु लाई निकैनै प्रभाव पारेको छ । जसले गर्दा सामाजिक कृयाकलाप आर्थिक कृयाकलाप सबैमा असर परेको देखिन्छ । संस्था सहकारी मुल्य मान्यता सिद्धान्त ऐन कार्यविधी आचारसंहिता तथा एक्सेस ब्राण्डको निति नियममा संचालन भैरहेको अवस्था र कोभिड १९ बाट प्रभावित शेयर सदस्यहरुको आर्थिक अवस्थालाई गम्भिर प्रभाव र संस्थाको आर्थिक कारोवार ऋण लगानी तथा बचत कार्यक्रम पनी निकै प्रभावित भएका छन् । यस्तो अवस्थामा पनी हाम्रा शेयर सदस्य, कर्मचारी, सञ्चालकको ऐक्यबद्धता सल्लाहकार ज्यूको सल्लाहले गर्दा संस्था अझ बढी ससक्त, विपत ब्यवस्थापनलाई अझ सरल गर्न र भविस्यमा आइपर्ने जोखिमलाई न्युनिकरण गर्न जोखिम ब्यवस्थापन उप-समिती गठन गरी संस्था शेयर सदस्य आर्थिक ,सामाजिक र भौतिक अवस्थाको अध्ययन गरी सो अनुसार कार्यक्रम बनाई कार्यक्रम गर्दै जाने छौ । यस्तो अवस्थामा व्यवस्थापन, सल्लाहकार, समिती, उप-समितीका सदस्य शेयर सदस्य बाट सल्लाह सुझाब सहिष्णुता धैर्य गरी जुन प्रकारले सहयोग यस संस्थालाई प्रदान गर्नुभयो सम्पूर्णमा हार्दिक कृतज्ञता नमन  प्रकट गर्दछु । आउँदा दिनहरुमा संस्था विकास, सदस्य विकासको निरन्तर सहयोग सल्लाहको अपेक्षा राख्दछु । भविष्यमा पनी यसै गरी शेयर सदस्यको आर्थिक, सामाजिक, साँस्कृतिक विकासको लागी सम्पूर्ण बाट सहयोग सदाचारको गर्नुहुन हार्दिक अनुरोध गर्दछु । कोभिड १९ बाट र अन्य कारणले दिवन्गत हुनु भएका संस्था शेयर सदस्यहरुप्रती हार्दिक समबेदना तथा सोक सन्तप्त परिवारलाई धैर्य धारण गर्न शक्ति भगवान बाट प्रदान होस भनी प्राथना गर्दछु ।

अन्तमा यस संस्थालाई विशुद्ध समुदायमा आधारित दिगो सहकारी बनाउन सदाझै सहयोग सुझाव प्रदान गर्ने शेयर सदस्यज्यूहरु संञ्चालक समिती, उप-समिती, सल्लाहकार पदाधिकारी बाट सधै यस्तै सद्भाव सहयोगको अपेक्षा राख्दछौ र २९ औ बार्षिक साधारण सभा सफल पार्न आफ्नो अमुल्य समय प्रदान गरी हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने मुख्य अतिथी, अतिथी, सम्माननिय शेयर सदस्य, सल्लाहकारज्यूहरु, समिती, उप-समितीका पदाधिकारीज्यू लगायत सम्पुर्णमा हार्दिक स-धन्यवाद प्रकट गर्दै मेरो मन्तव्य यहि अन्त गर्दछु ।

धन्यवाद/जय सहकारी

# सचिवको वार्षिक प्रगति प्रतिवेदन



**राम प्रसाद श्रेष्ठ**
सचिव

आज हुन गईरहेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को २९ औं वार्षिक साधारण सभाका अध्यक्ष एवं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, विभिन्न कार्यालय तथा संघ/संस्थाहरुबाट पाल्नु भएका प्रमुखज्यूहरु, अध्यक्षज्यू तथा प्रतिनिधिज्यूहरु, शेयर सदस्य महानुभावहरु, पत्रकार मित्रहरु, यस संस्थाका कार्य समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, सल्लाहकार ज्यूहरु, उप-समितिका संयोजक तथा सदस्यज्यूहरु र व्यबस्थापकज्यू लगायत कर्मचारी मित्रहरुमा यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन टक्र्याउँदछु ।

”सदस्यहरुको सम्पूर्ण वित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था” को परिकल्पना (vision) का साथै यस संस्थाको कार्यक्षेत्र भित्रका यस संस्थामा आबद्ध शेयर सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिक रुपान्तरणका लागी टेवा पुर्‍याउदै आउनुका साथै यस काभ्रे जिल्लामा संचालन भएका समुदायमा आधारित उत्कृष्ट संस्थाहरु मध्येमा परेका यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. ले ACCESS Brand Bronze प्राप्त गर्न सफल भई स्थापना काल देखि विभिन्न बचत तथा ऋण कार्यक्रमहरु मार्फत शेयर सदस्यहरुलाई सेवा सुविधाहरु प्रदान गर्दे आईरहेको व्यहोरा यहाँहरुमा अवगत नै छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को दोस्रो लहरबाट नेपाल पनि अछुतो रहन नसकेको कारणले यस असरबाट सुरक्षित हुन सार्वजनिक रुपमा भेला, सभा सम्मेलन गर्नका लागी नेपाल सरकार र स्थानीय सरकारबाट पनि बन्देज लगाइएको कारणले गर्दा यस आर्थिक वर्ष २०७७/०७८ का लागी निर्धारण गरेका कार्यक्रमहरु मध्ये केही कार्यक्रमहरु संचालन गर्नमा बाधा पर्न गएको व्यहोरा पनि यहाहरुमा जानकारी गराउन चाहान्छु ।

अब म यहाँ उपस्थित महानुभावहरु समक्ष आ.व. २०७७/०७८ मा यस संस्थाबाट भए गरेका कार्यहरु र आगामी आ.व. २०७८/०७९ मा गरिने कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१. **बैठक सम्बन्धी :-**

यस अवधिमा समिति तथा उप-समितिहरुको बैठक निम्न अनुसार बसेको जानकारी गराउदछु ।

क. संचालक समितिको बैठक – १८ पटक
ख. लेखा तथा सुपरिवेक्षण समितिको बैठक –११ पटक
ग. शिक्षा तथा समाजकल्याण उप-समितिको बैठक – ५ पटक
घ. महिला विकास उप-समितिको बैठक – १ पटक
ङ. समुह बचत कार्यक्रम संचालन उप-समितिको बैठक –४ पटक
च. ऋण तथा अर्थ व्यबस्थापन उप-समितिको बैठक – ५० पटक
छ. सम्पत्ति तथा सामान खरिद बिक्रि उप-समितिको बैठक – ५ पटक
ज. एक्सेस कार्यदल उप-समितिको बैठक – ३ पटक
झ. जोखिम व्यवस्थापन उप-समिति – २ पटक

ञ. सहस्य हित राहत कोष संचालन निर्णायक उप-समिति – १ पटक

ट. पदपूर्ति उप-समितिको बैठक – १२ पटक

ठ. समिक्षा बैठक – १ पटक

ड. साधारण सभा तयार उप-समितिको बैठक – २ पटक

२. **सदस्य सम्बन्धी**

यस संस्थामा आर्थिक वर्ष २०७६/०७७ को असार मसान्त सम्ममा महिला सदस्य संख्या ४००१, पुरुष सदस्य ३४१४ र अन्य सदस्य संख्या ३४ समेत जम्मा सदस्य संख्या ७,४४९ रहेकोमा यस आ.व. ०७७/०७८ को श्रावण देखि असार मसान्त सम्ममा महिला सदस्य संख्या ४,१०७, पुरुष सदस्य संख्या ३,५६४ र अन्य सदस्य संख्या ३४ समेत जम्मा सदस्य संख्या ७७०५ कायम रहन आएको छ । जस अनुसार महिला सदस्य संख्या १०६, पुरुष सदस्य संख्या १५० गरि जम्मा सदस्य संख्या २५६ बृद्धि भएको जानकारी गराउन चाहान्छु ।

३. **तालिम, गोष्ठी तथा कार्यक्रमहरुमा सहभागीता**

क) ACCU द्वारा मिति २०७७ भाद्र ५ गते देखि ७ गते सम्म संचालन गरेको ब्युजिनेस कन्टिन्युटी ट्रेनिङ्ग कार्यक्रमको भर्चुअल बैठकमा यस संस्थाका उपाध्यक्ष श्री जयओम बादे र कार्यालय प्रमुख श्री बद्रीनाथ बादे सहभागी हुनु भएको थियो ।

ख) बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ गठन भई २०७७ कार्त्तिक २३ गते भएको प्रारम्भिक साधारण सभामा यस संस्थाका अध्यक्ष श्री विकास बादे ज्यू सहभागी हुनु भएको थियो ।

ग) मिति २०७७ कार्तिक २५ गते नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कुन)को २९ औं वार्षिक साधारण सभा र २०७७ मंसिर ५ गते भएको निर्णय एकिकरण भर्चुअल बैठकमा यस संस्थाका उपाध्यक्ष श्री जयओम बादे ज्यू सहभागी हुनु भएको थियो ।

घ) मिति २०७७ पौष २७ र २८ गतेका दिन जिल्ला सहकारी संघ लि. काभ्रेको ३९ औं साधारण सभामा यस संस्थाका कोषाध्यक्ष श्री नबिन भक्त बादे ज्यू सहभागी हुनु भएको थियो ।

ङ) मिति २०७७।१०।१७ गते यस संस्थाको समुह बचत कार्यक्रम संचालन उप-समितिको आयोजनामा पनौती-०५, सुब्बागाँउमा सदस्यता वृद्धि कार्यक्रम संचालन गरेका थियौ, जसमा ६० जनाको सहभागीता रहेको थियो ।

च) मिति २०७७।१०।१८ गते बाबियाखर्क बचत तथा ऋण सहकारी संस्था लि. काठमाण्डौको आयो जनामा भएको २७ औ व्यवसायिक कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला (PALM) मा यस संस्थाका अध्यक्ष श्री विकास बादे, कोषाध्यक्ष श्री नबिन भक्त बादे र ऋण अधिकृत श्री रमेश श्रेष्ठ सहभागी हुनुभएको थियो ।

छ) काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ.लि को आयोजनामा मिति २०७७।१०।२३ देखि २४ गते सम्म भएको "भाखा नाघेको ऋण व्यवस्थापन" तालिममा यस संस्थाका वरिष्ठ सहायक श्री सत्य नारायण श्रेष्ठ सहभागी हुनु भएको थियो ।

ज) नेफ्स्कुन र सहकारी विभागको संयुक्त आयोजनामा मिति २०७७।११।१९ देखि २० गते सम्म भएको "सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना तालिम (Copomis) विषयको तालिममा यस संस्थाका कार्यालय सहायक श्री सुनिता मानन्धर सहभागी हुनु भएको थियो ।

झ) मिति २०७७।१२।०८ गतेका दिन यस संस्थाको समुह बचत कार्यक्रम संचालन उप-समितिको आयोजनामा बनेपा-०९ को स्वास्थ्य केन्द्रमा आँखा शिविर संचालन गरेको थियौ । जस्मा २९६ जनाको सहभागिता रहेको थियो ।

ञ) मिति २०७७।१२।२८ गतेका दिन यस संस्थाको शिक्षा तथा समाज कल्याण उप-समितिको आयोजनामा बनेपा-०४ नाला,शेरामा सहकारी शिक्षा शिविर कार्यक्रम संचालन गरेको थियो । जस्मा ४२ जनाको सहभागीता रहेको थियो ।

ट) नेफूस्कुनको आयोजनामा मिति २०७८।०२।२१ गते देखि २२ गते सम्म अभौतिक (Vertual) को माध्यमबाट "Advance excel Trainiang" विषयको तालिममा यस संस्थाका ऋण अधिकृत रमेश श्रेष्ठ, वरिष्ठ सहायक श्री सत्य नारायण श्रेष्ठ र कार्यालय सहायक श्री नबिना श्रेष्ठ सहभागी हुनुभएको थियो ।

ठ) नेफूस्कुनको आयोजनामा मिति २०७८।०२।२५ गते देखि २८ गते सम्म अभौतिक (Vertual) को माध्यमबाट भएको "Nepal Financial Reporting Standard(NFRS)" विषयको तालिममा यस संस्थाका का.मु.व्यवस्थापक श्री रविन्द्र भक्त पोटे र ऋण अधिकृत श्री रमेश श्रेष्ठ सहभागी हुनुभएको थियो ।

## ४. संस्थाबाट सम्पन्न भए गरेका कार्यहरु

### ४.१ २८ औं साधारण सभा

क) मिति २०७७ मंसिर २० गते देखि मंसिर २६ गते सम्म बालबाटिका माध्यामिक विधालय र डिस्कभरी मण्टेश्वरी स्कुलको ग्राउण्डमा सदस्यहरुको उपस्थिति खुल्ला राखि मंसिर २७ गते पञ्चकन्या बैङ्क्वेट बनेपा पुलबजारमा संस्थाका अध्यक्ष विकास बादे ज्यूको सभापतित्वमा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष श्री उद्धव प्रसाद सापकोटा ज्यूको प्रमुख अतिथ्यतामा विशिष्ट अतिथिहरु जिल्ला सहकारी संघ लि. काभ्रेका अध्यक्ष श्री विनोद पराजुली र जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काभ्रेका उपाध्यक्ष श्री ईन्द्र प्रसाद अधिकारी, अतिथिहरुमा नेपाल पत्रकार महासंघ काभ्रेका उपाध्यक्ष श्री रमेश प्रसाद न्यौपाने, चेष्टा साप्ताहिकका सह-सम्पादक श्री लक्ष्मण तिमल्सिना र यस संस्थाका सल्लाहकार श्री बाल भक्त प्रधानज्यू लगायतको आतिथ्यतामा साधारण सभाको उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो ।

ख) आ.व. २०७६/०७७ मा उत्कृष्ट बचत तथा ऋण कारोबार गर्ने निम्न सदस्यहरुलाई निम्न विधामा यस संस्थाका अध्यक्ष श्री विकास वादे ज्यूले पुरस्कृत गर्नु भएको थियो ।

१) उत्कृष्ट बचत कर्ता – दिपाञ्जली लामा

२) उत्कृष्ट मुद्धती बचत कर्ता – टिका माया ह्योजु

३) उत्कृष्ट ऋणी – ङिमा संके तामाङ्ग

४) उत्कृष्ट बाल बचत कर्ता – सुदिन लामा

ग) यसैगरी संचालक समितिले पेश गरेको प्रस्ताव अनुसार प्रत्येक शेयरको १२% ले शेयर सदस्यहरुलाई शेयर लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको थियो ।

घ) आ.व. २०७७/०७८ को प्रस्तावित अनुमानित बजेट पारित भएको थियो ।

ङ) आ.व. २०७७/०७८ को संस्थाको आर्थिक कारोबारको लेखा परिक्षण पेश गर्न S.K.N Associats चार्टर एकाउण्टेण्ट सि.ए. सुरेश निरौलालाई भ्याट बाहेक रु. ७५,०००।- पारिश्रमिक दिने गरी तोक्ने पारित भएको थियो ।

च) संस्था गाभ्ने वा गाभिने सम्बन्धी आवश्यक कार्बाही अगाडी बढाउने अधिकार संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित भएको थियो ।

छ) यस २८ औ साधारण सभा कार्यक्रम २०७७ मंसिर २० गते देखि सुरु भई मंसिर २७ गते सम्पन्न हुदा सम्ममा शेयर सदस्यहरुबाट आएका सुझावहरु र संस्थाले प्रस्ताव गरेका बुद्धाहरुमा भएका निर्णयलाई प्रमाणीकरण गर्नका लागी निम्न अनुसारका शेयर सदस्यहरु छनौट गरिएको थियो ।

१. दिल बहादुर शाही
२. सानु कान्छी प्रजापती
३. प्रमण श्रेष्ठ
४. यक माया श्रेष्ठ
५. बद्री प्रसाद दाहाल
६. श्रद्धा कायष्थ
७. बद्री नाथ अधिकारी
८. रुना पोट
९. डम्बर बहादुर घिसिङ्ग
१०. शेर बहादुर सुवाल
११. सुन्दर काजी श्रेष्ठ
१२. लक्ष्मी थापा

ज) अनुमोदन तथा पारित भएका नीति तथा कार्यविधिहरु

१. संरक्षित पूजि फिर्ता कोष संचालन नीति - २०७७
२. सदस्य सुरक्षा/हित/राहतकोष संचालन नीति - २०७७
३. बचत नीति - २०७७
४. आर्थिक प्रशासन नीति - २०७७
५. सहकारी अवलोकन भ्रमण तथा तालिम/गोष्ठी नीति - २०७७
६. प्रोत्साहन नीति - २०७७
७. उप-समिति सदस्य मनोनीत गर्न छनौट कार्य विधी - २०७७
८. विपत्का अवस्थामा सेवा विस्थापन सम्वन्धि निर्देशिका - २०७७
९. विद्युत्तिय प्रविधि(भर्चुअल) बैठक संचालन कार्य विधी - २०७७
१०. महामारीमा साधारण सभा सञ्चालन कार्य विधी - २०७७
११. महामारी कोरोना भाईरस (Covid-19) मा व्यवसाय निरन्तर योजना - २०७७
१२. कोभिड-१९ पुन कर्जा तथा समयावदी थप कार्यविधि - २०७७

साथै यस संस्थाका सचिव, कोषाध्यक्ष, लेखा संयोजकको आ.व २०७६/०७७ को वार्षिक प्रतिवेदनका साथै निम्न उप-समितिको संयोजकहरुको वार्षिक प्रतिवेदन समेत पारित भएको थियो ।

१. शिक्षा तथा समाज कल्याण उप-समिति
२. महिला विकास उप-समिति
३. समुह बचत कार्यक्रम संचालन उप-समिति
४. ऋण तथा अर्थ व्यवस्था उप-समिति

ज) संचालक समितिको निर्णयानुसार पारीत हुन पेश भएको शेयर सदस्यहरुलाई १२ प्रतिशत शेयर लाभांश वितरण गर्ने प्रस्ताव पारित भएको थियो ।

झ) २८ औ साधारण सभामा उपस्थित शेयर सदस्यहरुलाई रु.३००।- भत्ता दिई त्यसमा लाग्ने कर संस्थाले नै व्यहोर्ने गरी अनुमोदनका लागी प्रस्तुत प्रस्ताव अनुमोदन भएको थियो ।

**४.२ निर्णय कार्यान्वयन लगायत सम्पन्न गरेका अन्य कार्यहरु**

(क) कार्य समितिको मिति २०७७।०४।१७ को निर्णय अनुसार आ.व २०७६/०७७ मा यस संस्थामा कार्यरत कर्मचारीहरुको लागी औषधी उपचार खर्च बापत छुट्याईएको रकम हाल संस्थाले कर्मचारीहरुको स्वास्थ्य बिमा गर्नुका साथै सामाजिक सुरक्षा कोषमा आवद्ध भईसकेकोले सो र

कमलाई स्वास्थ्य उपचार खर्चमा वितरण नगरी हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस(Covid-19) को विषम परिस्थितिमा पनि कर्मचारीहरुले कार्यसंचालनमा पुऱ्याएको योगदान स्वरुप संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई १ महिनाको तलब बराबरको रकम जोखिम भत्ताको रुपमा वितरण गरिएको थियौ साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस(Covid-19) ले गर्दा यस संस्थाको विषम अवस्थामा सेवा व्यवस्थापन निर्देशिका २०७७ को दफा ३ बमोजिम सेवालाई चुस्त दुरुस्त बनाउनका लागी श्री जयओम बादेज्यूको संयोजककत्वमा नविन भक्त बादे ज्यू र कार्यालय प्रमुख सदस्य रहेको जोखिम व्यवस्थापन कार्यदल गठन गरेको थियो ।

ख) संचालक समितिको मिति २०७७।०६।१० को निर्णयानुसार यस संस्थाका वरिष्ठ ऋण सहायक अमृत नापितले मिति २०७७।०६।०१ द.न. ७३ मा आफ्नो व्यक्तिगत कारण दर्शाई दिएको राजिनामा यस संस्थाको मानव संसाधन निति २०७६ को दफा ७९ बमोजिम मिति २०७७ कार्तिक १ गते देखि लागु हुने गरि स्वीकृत गरिएको थियो ।

ग) संचालक समितिको मिति २०७७।०६।१० को निर्णयानुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस(Covid-19) ले गर्दा सार्वजनिक रुपमा भेला, सभा, सम्मेलन गर्नका लागी नेपाल सरकारबाट बन्देज लागाएको हुदा सहकारी विभागको मिति २०७६।०६।०१ गते जारी सुचना अनुसार महामारीमा साधारण सभा संचालन कार्य विधि २०७७ पारित गरी कार्य विधि अनुसार भौतिक र अभौतिक साधारण सभा २०७७ मंसिर भित्र सम्पन्न गर्ने र साधारण सभामा सहभागी हुन आउने प्रत्येक शेयर सदस्यहरुलाई रु.३००।- भत्ता दिई त्यसमा लागेको कर संस्थाबाटै व्यहोर्ने र शेयर लाभांश बापत प्रत्येक शेयरको १२ प्रतिशतका दरले लाभांश वितरण गर्न साथै सो साधारण सभा तयार गर्नका लागी निम्नानुसारको तयारी समिति गठन गरेको थियो ।

१. संयोजक – श्री जयओम बादे
२. सदस्य – श्री राम प्रसाद श्रेष्ठ
३. सदस्य – श्री नबिन भक्त बादे
४. सदस्य – श्री रमेश काजी श्रेष्ठ
५. सदस्य – श्री हेमन्त राज प्रधान
६. सदस्य – श्री रुकमणी देवी पाटे राजभण्डारी
७. सदस्य – श्री बद्रीनाथ बादे

घ) संचालक समितिको मिति २०७७।०७।२२ को निर्णयानुसार बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. गठन भै २०७७ कार्तिक २३ गते हुने प्रारम्भिक साधारण सभामा सहभागी हुन यस संस्थाका अध्यक्ष श्री विकास वादे ज्यूलाई र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) को २९ औ. साधारण सभामा र कार्तिक २५ गते निर्णय एकिकरण बैठकमा सहभागीताको लागी यस संस्थाका उपाध्यक्ष श्री जयओम बादे ज्यूलाई प्रतिनिधि चयन गरेको थियो ।
साथै संस्थाका कार्यालय सहायक तेस्रो तहका कर्मचारीहरुको तलब स्केलमा एकरुपता ल्याउने निर्णय गरिएको थियो ।

ङ) संचालक समितिको मिति २०७७।०८।१३ गतेको निर्णय अनुसार यस संस्थाको आ.व. २०७७/०७८ को आर्थिक कारोबारको लेखा परिक्षण सम्पन्न गरि प्रतिवेदन पेश गर्नका लागी लाग्ने शुल्क सहित

लेखा परिक्षक चार्टर एकाउन्टेन्ट माग गर्ने निर्णय अनुसार माग गरेको थियो ।

च) मिति २०७७।०९।१७ गतेका दिन यस संस्थाको महिला विकास उप-समितिको संयोजकत्वमा बनेपा-०८, तिनदोबाटोमा खुल्ला रक्तदान कार्यक्रम संचालन गरेको थियो । जसमा ४० जना रक्तदाताहरुको सहभागिता भएको थियो ।

छ) संचालक समितिको २०७७।०९।२५ को निर्णयानुसार यस संस्थाबाट ऋण लगानीमा सहजता ल्याउन व्यवस्थापन र ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको सिफारिस अनुसार व्यवस्थापनले रु. २५ लाख सम्म र ऋण तथा अर्थ व्यवस्थापन उप-समितिले रु. २५ लाख भन्दा माथि ७५ लाख सम्म र संचालक समितिले रु. ७५ लाख भन्दा माथि २ करोड सम्म ऋण लगानी गर्न सक्ने सिमा तोकिएको थियो ।

ज) संचालक समितिको मिति २०७७।०९।२५ को निर्णयानुसार संस्थाको कार्यालय भवनको कौशी तलामा रहेको स्टोर कोठाको जस्ताको छाना पुरानो भई पानी चुहिने भएको, संस्थाको पुरानो मेच टेबुलहरु स्टोर गर्न कौशी तल्लाको अगाडी भागमा एउटा कोठा समेत बनाउन रु. ४,५२,५८४।२१ को लागत ईस्टिमेटबाट बनाउने स्वीकृत भई काम सुरु गरियो ।

झ) कार्य समितिको मिति २०७७।०९।२५ को निर्णयानुसार यस संस्थाको बचत तथा बजार विभागको लागी मानव संसाधन नीति २०७६ को दफा १४ बमोजिम अधिकृत स्तर छैठो पद १ दरवन्दि श्रृजना गरि सो पद १ र अन्य रिक्त रहन आएको वरिष्ठ कार्यालय सहायक पाचौं पद १ र कार्यालय सहायक चौथो तहको पद २ समेतमा आन्तरिक प्रतिष्पर्धाबाट उक्त पदहरु पूर्तिका लागी कारबाही अगाडी बढाईएको थियो ।

ञ) कार्य समितिको मिति २०७७।०९।२५ को निर्णयानुसार संस्थाको कार्यालय संचालन समय बढाउने र कर्मचारीहरुलाई भत्ता दिने सम्बन्धमा समितिको मिति २०७७।०७।२२ गते भएको निर्णयलाई केही परिमार्जन गरि कार्यालय समय कार्तिक १६ देखि माघ १५ गते सम्म बिहान ९:३० बजे देखि दिउसो ४:३० बजे सम्म र माघ १६ गते देखि कार्तिक १५ गते सम्म बिहान ९:३० बजे देखि दिउसो ५:३० बजे सम्म हप्ताको ६ दिननै माघ १ गते देखि लागु गर्ने गरि कार्यालय संचालन गर्ने र कर्मचारीहरु अधिकृत स्तरलाई मासिक रु. १२,०००।-, वरिष्ठ सहायक पाचौं तहलाई रु. ६,०००।-, चौथो तहलाई रु.४,०००।-, तेस्रो तहलाई रु. ३,०००।- र श्रेणी विहिनलाई रु. २,०००।- भत्ता दिने । यो भत्ता रकम यस आर्थिक वर्षको अन्त सम्ममा शेयर लाभांश प्रति शेयर १५ देखि १८ प्रतिशत सम्म वितरण गर्ने लक्ष्य पुरा गर्न नसकेमा अर्को आ.व. देखि भत्ता उपलब्ध नगराउने गरी भएको निर्णय अनुसार माघ १ गते देखि कार्यान्वयनमा ल्याइएको थियो ।

ट) संचालक समितिको मिति २०७७।१०।१७ को निर्णयानुसार संस्थाको कार्य संचालन सहज, सरल, छिटो र छरितो सम्पादन गर्न सहयोग पुऱ्याउनका लागी संस्थाको विनियम निति अनुसार निम्नानुसार को उप-समितिहरु गठन गरिएको थियो ।

**शिक्षा तथा समाज कल्याण उप-समिति**

१. संयोजक श्री पूर्ण पोटे
२. सदस्य श्री रीता बादे
३. सदस्य श्री ज्योत्सना सैंजु कायस्थ

**महिला विकास उप-समिति**

१. संयोजक श्री रोशना राजवंशी
२. सदस्य श्री शारदा देवि बादे श्रेष्ठ
३. सदस्य श्री रचना न्हुच्छे प्रधान बादे
४. सदस्य श्री रीता मानन्धर
५. सदस्य श्री बिमला पोटे

**ऋण तथा अर्थ व्यवस्थापन उप-समिति**

१. संयोजक श्री जयओम बादे
२. सदस्य श्री रमेश काजी श्रेष्ठ
३. सदस्य श्री हेमन्त राज प्रधान

**समुह बचत तथा कार्यक्रम संचालन उप-समिति**

१. संयोजक श्री रुकमणी देवि पोटे राजभण्डारी
२. सदस्य श्री सुबन कुमार प्रधान
३. सदस्य श्री दया प्रजापती

**एक्सेस कार्यदल उप-समिति**

१. संयोजक श्री बिकास बादे
२. सदस्य श्री जयओम बादे
३. सदस्य श्री नबिन भक्त बादे
४. सदस्य श्री बद्रि नाथ बादे
५. सदस्य श्री रबिन्द्र भक्त पोटे
६. सदस्य श्री रमेश श्रेष्ठ

**सम्पत्ति सामान खरिद बिक्रि उप-समिति**

१. संयोजक श्री नबिन भक्त बादे
२. सदस्य श्री जितेन्द्र भक्त पोटे
३. सदस्य श्री कार्यालय प्रमुख

**जोखिम व्यवस्थापन उप-समिति**

१. संयोजक श्री बिकास वादे
२. सदस्य श्री जयओम बादे
३. सदस्य श्री कार्यालय प्रमुख

**पदपूर्ति उप-समिति**

**क) प्रमुख कार्यकारी अधिकृतलाई**

१. संयोजक श्री बिकास वादे
२. सदस्य श्री जयओम बादे
३. सदस्या श्री राम प्रसाद श्रेष्ठ

**ख) अन्य पदका लागी**

१. संयोजक श्री राम प्रसाद श्रेष्ठ
२. सदस्य श्री जयओम बादे
३. सदस्य श्री कार्यालय प्रमुख

ठ) संचालक समितिको मिति २०७७।१०।१७ को निर्णयानुसार यस संस्थाको मानव संसाधन नीति २०७६ को परिक्षेद २ को दफा ५ को उप-दफा १ को क्रम संख्या २ र ३ मा उल्लेख प्रमुख व्यवस्थापक पद १(एक) र वरिष्ठ सहायक पद १(एक) श्रृजना गरेको थियो ।

ड) यस संस्थाका व्यवस्थापक कार्यालय प्रमुख श्री बद्री नाथ बादेले दिनुभएको मिति २०७७।१०।१८ गते २४१ दर्ता भएको राजिनामा मिति २०७७।१०।२४ गते देखि लागु हुने गरि स्विकृत गरेको थियो । साथै उक्त राजीनामा स्विकृत भै रिक्त हुन आएको व्यवस्थापक पदमा यस संस्थाका लेखा अधिकृत श्री रविन्द्र भक्त पोटेलाई मिति २०७७।१०।२४ गते देखि लागु हुने गरी कायम मुकायम मुकरर गरेको थियो ।

ढ) यस संस्थाका लागी तलब रु ५०,०००।- र अन्य भत्ता र सुविधा गरी जम्मा रु ९००००।- भन्दा बढी नहुने गरी तलब भत्ता र अन्य सुबिधा दिने गरी १ कार्यकारी अधिकृतको पदपूर्ती गर्न आवश्यक कार्बाही अगाडी बढाउने निर्णय भएको थियो ।

ण) २०७७।११।२२ गते यस संस्थाको आ.व.२०७७/०७८ को अर्ध वार्षिक समिक्षा बैठक कार्य समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, संयोजक र सदस्यहरु, सल्ल्लाहकारज्यूहरु, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु र कर्मचारीहरुको उपस्थितिमा समिक्षा बैठक बसेको थियो ।

त) संचालक समितिको मिति २०७७।१२।१४ को निर्णयानुसार राष्ट्रिय सहकारी बैंकको रु.१,००,०००।- (एक लाख) को शेयर खरिद गरी सदस्यता प्राप्त गरेको थियो ।

थ) संचालक समितिको मिति २०७७।१२।१४ को निर्णयानुसार यस संस्थाबाट यस संस्थाका शेयर सदस्यहरुलाई उपलब्ध गरेको ATM, Mobile Banking सेवा उपलब्ध गराउदा पहिलो पटकलाई सो सम्बन्धि लाग्ने शुल्क नलिने र दोस्रो पटक देखि नविकरण बापत लाग्ने शुल्क लिने व्यवस्था गरेका थियो ।

द) संचालक समितिको मिति २०७८।१।११ को निर्णयानुसार यस संस्थाको कार्यक्षेत्र भित्र कुनै पनि ठाँउमा सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्न आवश्यक कारबाही अगाडी बढाउन निम्नानुसारको उप-समिति गठन गरेको थियो ।

१. संयोजक - श्री विकास वादे
२. सदस्य - श्री जय ओम बादे
३. सदस्य - श्री राम प्रसाद श्रेष्ठ
४. सदस्य - श्री नबिन भक्त बादे
५. सदस्य - श्री हेमन्त राज प्रधान
६. सदस्य - श्री रुकमणी देवी पोटे राजभण्डारी
७. सदस्य - श्री कार्यालय प्रमुख

ध) संचालक समितिको मिति २०७८।०२।३१ को निर्णयानुसार विश्वभरी फैलिएको कोरोनाको दोस्रो

लहरबाट हाम्रो देश नेपाल पनि अछुतो हुन सकेन तसर्थ यस संस्थाका ऋणी सदस्यहरुको हितलाई मध्यनजर राखी संस्थाबाट लिएको ऋणीहरुलाई लकडाउन अवधिभरको २०७८ असार मसान्तसम्म किस्ता बापत् ब्याज मात्र तिर्न आएमा तिर्नु पर्ने ब्याजको ५% र सावा र ब्याज समेत तीर्न आएमा ८% ले ब्याज मिनाहा दिने व्यवस्था गरिएको थियो ।

न) संचालक समितिको मिति २०७८।०३।१२ को निर्णयानुसार आ.व. २०७८/०७९ को बजेट तर्जुमाका लागी निम्नानुसारको बजेट तर्जुमा उप-समिति गरिएको थियो ।

१. संयोजक - श्री विकास वादे
२. सदस्य - श्री जयओम बादे
३. सदस्य - श्री राम प्रसाद श्रेष्ठ
४. सदस्य - श्री नबिन भक्त बादे
५. सदस्य - श्री कार्यालय प्रमुख

प) संचालक समितिको समितिको मिति २०७८।०३।२६ को निर्णयानुसार यस संस्थाको ऋण विभागका लागी सातौ तहको व्यवस्थापक पद १(एक) श्रृजना गर्ने निर्णय गर्नुका साथै उक्त श्रृजना गरिएको व्यवस्थापक १ र तत्कालीन व्यवस्थापक श्री बद्रीनाथ बादे ज्यूले राजीनामा दिई रिक्त हुन आएको व्यवस्थापक १ समेत पद २ (दुई) यस संस्थाको मानव संसाधन नीति २०७६ को दफा ३४ अनुसारको बढुवा प्रकृयाबाट पदपूर्तीका लागी सिफारिस पेश गर्न पदपूर्ती उप-समितिलाई जिम्मा दिएको थियो ।

फ) संचालक समितिको मिति २०७८।०३।२६ को निर्णयानुसार नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ(नेफ्स्कुन) को मिति २०७८।०३।२२ को प्राप्त पत्रानुसार आ.व. २०७७/०७८ को आवश्यक सहजीकरण शुल्क रु १०००००।- भुक्तानी दिई सदस्यता सम्झौता नबिकरण गरेको थियौ ।

ब) संचालक समितिको मिति २०७८।०३।२६ को निर्णयानुसार संस्थाबाट आर्थिक वर्ष २०७६/०७७ मा भएको आन्दानीबाट संरक्षित पूजि फिर्ता कोषमा छुट्याईएको रकमबाट नियमित बचत कर्ता १७१६ जनालाई रु.२१,२५,२२५।३० र संस्थाबाट ऋण लिई नियमित किस्ता भुक्तानी गर्ने असल ऋणी सदस्यहरु ५२२ जनालाई रु.३१,८६,४२३।७५ समेत गरी जम्मा रु.५३,११,६४९।०५ सम्बन्धित सदस्यहरुको खातामा जम्मा गरि दिएका थियौ ।

भ) कार्य समितिको मिति २०७८।०३।२६ को निर्णयानुसार आर्थिक वर्ष २०७८/०७९ का लागी अनुमानीत आय रु. १४,२८,९९,०००।- र खर्च रु. ९,५०,८७,०००।- हुने गरि सम्पत्ति तथा दायित्वको जम्मा रु. १,३२,०३,७९,८९४।५८ को अनुमानित बजेट पारित हुन आगामी २९ औं साधारण सभामा पेश गर्ने निर्णय गरेको थियो ।

म) कार्य समितिको मिति २०७८।०३।२६ को निर्णयानुसार बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७८।०३।१२ को प्राप्त पत्रानुसार रु.४,८७,०००।- को शेयर खरिद गरेको थियो ।

५. **ऋण लगानी**

यस संस्थाबाट आ.व २०७७/०७८ को असार मसान्तसम्म निम्नानुसार ऋण लगानी भएको थियो ।

क) कार्य समिति तर्फ - रु. ९,५०,०००।-

ख) लेखा तथा सुपरिवेक्षण समिति तर्फ - रु. ८२,३०,२३८।८४

ग) उप-समितिहरुको तर्फ - रु.६,९५,८९०।११

घ) कर्मचारीहरु तर्फ - रु.५५,५०,६३७।८५

ङ) अन्य सदस्यहरु तर्फ - रु.७२,३६,२१,३१३।३८

जम्मा ऋण लगानी - रु.७३,९०,४८,०८०।१८

६. **प्रकाशन**

क) आ.व. २०७६/०७७ को वार्षिक प्रगती प्रतिवेदन

ख) नव वर्ष २०७८ सालको भित्तेपात्रो(क्यालेण्डर)

७. **आगामी आ.व.२०७८/०७९ को कार्यक्रमहरु**

१) रक्तदान कार्यक्रम
२) महिला सशक्ति कार्यक्रम
३) शिपमूलक तालिम
४) शिक्षा शिबिर कार्यक्रम
५) छात्रबृत्ति कार्यक्रम
६) नेतृत्व विकास कार्यक्रम
७) आँखा शिबिर कार्यक्रम
८) सदस्य वृद्धि विशेष कार्यक्रम
९) ऋण प्रबर्द्धन कार्यक्रम
१०) ऋणी अन्तरकृया कार्यक्रम
११) लेखा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम
१२) संस्थाको स्थापना दिवस कार्यक्रम
१३) नब बर्ष २०७९ को क्यालेण्डर प्रकाशन

अन्तमा मैले यस २९ औं साधारण सभामा प्रस्तुत गरेको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन माथि गहन अध्यन भै अमूल्य सल्लाह र सुझावको अपेक्षा गर्दे मेरो प्रतिवेदनमा उल्लेख भए गरेका कार्यहरुलाई अनुमोदन गरि दिनु हुनका साथै प्रस्तुत प्रस्तावहरुलाई पारित गरी दिनु हुने विश्वास र आशाका साथै आगामी दिनहरुमा पनि यहाहरुको सल्लाह र सुझावको अपेक्षा गर्दछु । विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) को दोस्रो लहरबाट परेका बाधा र अबरोधको बाबजुद पनि संस्था र शेयर सदस्यहरुको हित र प्रगतीका अहोरात्र खटी सहयोग पुऱ्याउनु हुने संस्थाका समिति, उप-समितिका पदाधिकारी र सदस्यज्यूहरु, सल्लाहकार ज्यूहरु र कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद दिदैं कोरोना भाईरसको दोस्रो लहर बाट दिवंगत हुनु भएका ज्ञात अज्ञात मृतक आत्माको चीर शान्तीको लागी कामना गर्दे शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस र कोरोनाबाट संक्रमीत सम्पूर्णको शिघ्र स्वास्थ्य लाभको लागी श्री चण्डेश्वरी माई संग प्राथना गर्दे मेरो प्रतिवेदन अन्त्य गर्दछु ।

**धन्यवाद ।**

जय चण्डेश्वरी/जय सहकारी

## कोषाध्यक्षको
# वार्षिक प्रगति प्रतिवेदन
## तथा
## आ.व. २०७८/०७९ को लागि अनुमानित
## बजेट तथा कार्यक्रम



नबिन भक्त बादे
कोषाध्यक्ष

यस संस्थाको २९ औं साधारण सभाका सभापतीज्यू, संचालक समिति पदाधिकारी तथा सदस्य ज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य ज्यूहरु, सल्लाहकार ज्यूहरु, संस्थाको निती कार्यविधी अनुसार गठीत एवं सस्थालाई संचालन गर्न सम्पूर्ण उप-समिति पदाधिकारी तथा सदस्य ज्यूहरु साथै यस संस्थाको २९ औं साधारण सभालाई सफल पार्न पाल्नु हुने सम्पूर्ण सदस्य ज्यूहरु लगायत संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी वर्गहरुमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय सदस्यहरु**

सहकारी अभियानमा लामो समय देखी यस संस्थाको समुदायमा आधारीत तथा सदस्य केन्द्रित सहकारी संस्थाको रुपमा तल्लिन रहन्दै २९ औं वार्षिक साधारण सभा मनाउन पाउँदा खुसीको अनुभुती भईरहेको छ । यस अवधीसम्ममा आई पुग्दा संस्थाले समस्या तथा चुनौतीहरु पार गर्दे संस्थाको ध्येय र मूल्य मान्यताहरु साथै सहकारी सिद्धान्तलाई आत्मसाथ गर्दे संस्था अगाडी बढीरहेको छ । संस्थाको कार्य क्षेत्र काभ्रेपलाञ्चोक जिल्ला भरि भएता पनि सो जिल्लाको ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्दे संचालन गर्न लक्ष्य रहेको व्यहोरा अनुरोध गर्दछु । यस संस्थामा आवद्ध सदस्यहरुका सम्वृद्धी, चाहना र सन्तुष्टिलाई मध्य नजर राखी सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिक विकासको लागी अगाडी बढ्दै गर्दा २०७७ को कोभिड-१९, २०७८ को कोभिड-१९ दोस्रो लहरले गर्दा संस्थाको वार्षिक लक्ष्य प्राप्तीमा समेत असर पारेता पनि संस्थाको २०७७/०७८ मा हासिल गरेका उपलब्धीहरुलाई सकारात्मक रुपमा ग्रहण गर्दे र आउने दिनको लागी थप हौसला दिनुहुने छ भन्ने आशा राख्दै संस्थाको आ.व. २०७७/०७८ मा कुल सदस्य संख्या ७७०५ जना, कुल पूजी १,१४,८४,८१,०५८/७५ पुऱ्याउन सफल भएको व्यहोरा संक्षपमा प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**तुलनात्मक आर्थिक प्रगति**

रु.हजारमा

| क्र. स | विवरण | आ.व. २०७६/०७७ प्रगती | आ.व. ०७७/०७८ को लक्ष्य | आ.व २०७७/०७८ को प्रगती | प्रगती/ प्रतिशत | वृद्धी |
|---|---|---|---|---|---|---|
| १ | सदस्य | ७४४९ | ८५६९ | ७७०५ | ८९.९२ | ३.४४ |
| २ | कोषहरु तथा अन्य व्यवस्था | १३८६६२ | १२२०६५ | १४८५६८ | १२१.७१ | ७.१४ |
| ३ | शेयर पूंजी | १०४९०४ | ११५००० | १११०६२ | ९६.५८ | ५.८७ |
| ४ | निक्षेप | ८०७४९८ | ९२६९१२ | ८७२४५३ | ९४.१२ | ८.०४ |
| ५ | ऋण लगानी | ७४६१९३ | ९२२४०४ | ७३९०४८ | ८०.१२ | -०.९६ |
| ६ | खुद आम्दानी | ११९४०९ | १३८७०८ | ११७४६६ | ८४.६८ | -१.६३ |

| क्र.स | विवरण | आ.व. २०७६/०७७ प्रगती | आ.व. ०७७/०७८ को लक्ष्य | आ.व २०७७/०७८ को प्रगती | प्रगती/प्रतिशत | वृद्धी |
|---|---|---|---|---|---|---|
| ७ | खुद खर्च | ८८४९९ | ८६९२३ | ९७२५७ | १११.८८ | ९.९० |
| ८ | संचालन मुनाफा | ३०९१० | १५१७८५ | २०२०९ | १३.३१ | -३४.६२ |
| ९ | तरल लगानी | ९०००० | ७०००० | २०३००० | २९० | १२५.५५ |
| १० | अन्तर लगानी | १३५६६ | १५००० | १४२१६ | ९४.७७ | ४.७९ |
| ११ | जम्मा पूंजी | १०७५८६६ | १२३०६७२ | ११४८४८१ | ९३.३२ | ७.७५ |

माथी उल्लेखित तुलनात्मक आर्थिक प्रगती विवरण अनुसार ऋण लगानी तर्फ आ.व. २०७६/०७७ भन्दा रु.७१,४५,००५/२८ न्यून हुन गएको छ । साथै यस आ.व मा पनि ऋण सुरक्षण व्यवस्था बापत खर्च रु.१,७४,५०,७८९/८१ हुन गएको छ र विश्वव्यापी फैलिएको कोभिड-१९ २०७८ मा पनि ऋणी सदस्यहरुले नियमित ब्याज भुक्तान गर्ने सदस्यहरुलाई रु.३०,७९,४०९/८९ ब्याज छुट साथै कोभिड अवधी भर पेनाल्टी (विलम्व शुल्क) छुट दिनु परेको कारणबाट लक्ष्य अनुसार आम्दानी हुन नसकेको व्यहोरा अवगत गराउदै सम्पूर्ण सदस्यहरुमा वित्तिय अनुशासन कायम गरी आफुले तिर्नुपर्ने सांवा ब्याज लगायत संस्थामा बचत गर्नुपर्ने बचतलाई नियमित गरी दिनुहुन साथै आफ्नो सम्पूर्ण वित्तिय कारोबार संस्थाबाट गरी दिनु भई संस्थाको लक्ष्य प्राप्तीको लागी सहयोगको अपेक्षा साथ अपिल गर्न चाहन्छु ।

**आदरणीय सदस्य महानुभावहरु.**

आ.व. २०७७/०७८ को अन्तमा संस्थाको संस्थागत पुंजी कोष रु.१०,१२,६७,४०६।७२ को निर्माण गरी सकेको छौ । उक्त कोषमा यस वर्ष रु.१,११,१०,६८९।५७ थप भई गत वर्षको तुलनामा यस वर्ष ७.५९% वृद्धी भएको देखिन्छ, जुन पुजीको अनुपातमा ८.८२% रहन गएको छ। यस आ.व मा खुद मुनाफा रु.२,०२,०९०७१।४० भएकोमा यस वर्ष पनि गत वर्ष झै बोनस ऐन अनुसार कर्मचारी बोनस व्यवस्थामा आयकर व्यवस्था अगाडी नै सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफाबाट ५% ले हुने रु.१०,१०,४५३।५७ कर्मचारी बोनस व्यवस्था गरिएको साथै आयकर व्यवस्था रु.९,२३,६२५।७७ गरी खुद नाफा रु.१,८२,७४,९९२।०६ हुन गएको छ। जुन गत वर्षको तुलनामा ३५.७१% ले वृद्धी कम हुन पुगेको छ।

**सदस्यता ७७०५ जना**

गत वर्ष सदस्य संख्या ७४४९ जना भएकोमा आ.व. ०७७/०७८ मा थप ३४० जना भएको छ भने बसाईसराई, सहकारीहरु बिच दोहोरो सदस्यता, मृत्यु लगायत विविध कारणबाट ८४ जना सदस्यहरुले सदस्यता खारेज भई आ.व ०७७/०७८ को अन्त सम्ममा जम्मा कायम रहेको सदस्य ७७०५ जना छ यो गत वर्षको तुलनामा ३.४४% ले वृद्धी भएको देखिन्छ। भने लक्ष्य अनुसार ८९.९२% प्रगती भएको छ।

**शेयर पुजी : ११,१०,६२,३००/-**

गत वर्ष रु.१०,४९,०३,७००/- मा यस वर्षमा रु.६१,५८,६००/- थप भई गत वर्षको तुलनामा ५.८७% ले वृद्धी भई लक्ष्य अनुसार ९६.५८% प्रगती गर्न सफल भएको छ। यस संस्थामा सदस्यहरुले खरिद गरेको शेयर सम्बन्धी संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

| शेयर कित्ता | सदस्य संख्या(जना) | शेयर पुंजी रु. |
|---|---|---|
| १–१४ | ३९५७ | १७,६४,७००/- |
| १५–१०० | २३७८ | ८२,२१,४००/- |
| १०१–५०० | ९९७ | २,०९,४७,३००/- |
| ५०१–१००० | १६४ | १,१४,०६,५००/- |
| १००१–माथि | २०९ | ६,८७,२२,४००/- |

**करमा योगदान :**

यस संस्थाबाट आ.व. ०७७/०७८ मा सहकारी ऐन तथा आयकर ऐन नियमावली अनुसार योग्य मुनाफाबाट ५% आयकर सहित तपसिल बमोजिमका कर आन्तरीक राजस्व कार्यालय र स्थानीय सरकार न.पा.मा दाखिला गरी सकेको व्यहोरा अनुरोध गर्दछु ।

**तपशिल**

| क्र.स | शिर्षक | दाखिला रकम (रु.) |
|---|---|---|
| १. | ब्याज कर | ३२,५४,९४४।४६ |
| २. | घर बहाल कर | ९,६४०।- |
| ३. | भ्याट पान कर | ३३,७१०।०६ |
| ४. | बैठक भत्ता कर | ८५,३०५।- |
| ५. | पारिश्रमिक कर | ४,२९,३६०।९८ |
| ६. | शेयर लाभांश कर | ५,८१,०६२।०५ |
| ७. | साधारण सभा भत्ता कर | २,४०,४०५।८४ |
| ८. | लेखा परिक्षण शुल्क कर | १,१२५।- |
| ९. | कमिसन कर (top-up Commission Tax) | ५,७९५।१८ |
| १०. | संरक्षित पुंजी फिर्ता कोष कर | २,५२,९३४।४७ |
| ११. | अन्य श्रोतमा कर कट्टी | १,८००।- |
| | **जम्मा** | **४८,९६,०८३।०४** |

**खर्च रु. ९,७२,५६,७८८।८९**

गत आ.व. को कुल खर्च रु.८,८४,९८,६८७।२० मा यो वर्षमा ऋण सुरक्षण व्यवस्था बापत खर्चमा रु.१,७४,५०,७८०।८१ थप खर्च बढ्न गई यस आ.व. मा ९.९०% ले वृद्धि भई कुल खर्च रु.९,७२,५६,७८८।८९ भएको छ । जस मध्ये वित्तिय खर्चमा ६६.७०%, अन्य संचालन खर्चमा ६.१२%, कर्मचारी खर्चमा ९.२४% र ऋण सुरक्षण व्यवस्था खर्चमा १७.९४% भएको छ । गत वर्षको तुलनामा वित्तिय खर्च, संचालन खर्च, कर्मचारी खर्च र व्यवस्था खर्चमा क्रमश -६.५५%, -३८.३८%, -४.३१ र १००% भएको छ । यस वर्ष पनि विगत वर्ष झै कोभिड-१९ दोस्रो लहरले गर्दा सदस्य लाभान्वित कार्यक्रमहरुमा पनि असर पारेको र यो वर्ष ऋण सुरक्षण व्यवस्था

खर्च गरिएकोले पनि खर्चमा वृद्धि भएको छ । तर व्यवस्था खर्च बाहेक अरु खर्चहरुमा गत बर्षको तुलनामा कम भएको देखिन्छ ।

**आम्दानी रु. ११,७४,६५,८६०।२९**

यस आ.व. २०७७/०७८ मा गत वर्ष ०७६/०७७ तुलनामा १.६३% आम्दानी कमी आएको छ । यस आ.व मा कुल आम्दानी रु.११,७४,६५,८६०।२९ गर्न सफल भएको छ । जुन गत वर्षको तुलनामा यस वर्ष पनि आम्दानीमा घट्नुका कारण मेरो बुझाईमा सर्व प्रथम कोभिड-१९ पहिलो, दोस्रो व्याज असुलीमा करिब ६० लाख हाराहारीमा उठन बाकी हुनु, ऋण लगानी तर्फ वृद्धि कम हुनु, लगानीमा रहेका शेयर तथा मुद्धती निक्षेपबाट प्राप्त प्रतिफल कमि हुनु, रेमिट्यान्स कारोबारमा कमि हुनुको कारणले गर्दा संस्थागत निति बमोजिम भाखा नाघेको ऋणको सांवा र ब्याज बाकीको ऋण सुरक्षण व्यवस्था खर्च साथै विगत वर्ष झै यस वर्ष पनि कोभिड-१९ को कारणले गर्दा सदस्यहरुलाई ब्याज छुट र पेनाल्टी अर्थात ऋणमा लाग्ने विलम्व शुल्क छुट दिनुपर्ने कारणबाट लक्ष्य अनुसार आम्दानी हुन नसकेको व्यहोरा अवगत गराउदछु ।

**सदस्य राहत वितरण विवरण :**

संस्थाले सदस्यहरुको लागी संचालित विभिन्न राहत कार्यक्रम संचालनार्थ सदस्य सुरक्षण (हित) राहतकोष संचालन भै आएकोमा उक्त कोषमा सदस्यहरुबाट योगदान रकम यस आ.व. मा रु. ५,८१,४००।- र गतवर्षको वाँकी रकम रू. १३,८३,९४०।१० गरी जम्मा  रकम रू. १९,६५,३४०।१० कोषमा रहेको छ । यस कोषमा हाल सम्ममा स्वास्थ्य उपचारमा २९ जना सदस्य र मृत्यु राहतमा २३ सदस्यको दाबी परेको छ । यस राहत कोषका लागी कोष वृद्धी गर्न यस संस्थाको नाफाबाट छुट्याएका कोषहरु मध्ये सामुदायिक विकास कोषको रकम सदस्य सुरक्षण (हित) राहतकोष संचालनको लागी योगदान गर्न पारित गरी दिनु हुन सम्पुर्ण सदस्यहरुमा अनुरोध गर्दछु । साथै यस कोषको रकमलाई अधिकतम ब्याज प्रदान गरी राहत कार्यक्रम संचालन गर्दे जाने लक्ष्य लिएको हुनाले यसको लागी यहाहरुको अमुल्य सुझाबको अपेक्षा गर्दछु ।

**ऋण सुरक्षण व्यवस्था :**

संस्थाबाट सदस्यहरुको लागी प्रदान गरेको ऋणको नियमन निकायले जारी गरेको निर्देशन अनुसार ऋण सुरक्षण व्यवस्था गरेको छ ।

| क्र.स. | अवधी | प्रतिशत | ऋण बाकी रकम | सुरक्षण व्यवस्था |
|---|---|---|---|---|
| १ | १ बर्ष भन्दा माथि भाखा नाघेको | १००% | १२,२११,२२९.६४ | १२,२११,२२९.६४ |
| २ | २ महिना देखि १ बर्ष सम्म भाखा नाघेका | ३५% | ३१,५९२,८२५.४० | ११,०५७,४८८.८९ |
| ३ | १ महिना सम्म भाखा नाघेका | १% | २०,६२९,९११.५५ | २०६,२९९.१२ |
| ४ | भाखा ननाघेको (असल ऋण) | ०.९९% | ६७०,६९१,९७८.४५ | ६,७०६,९१९.७८ |
| | **जम्मा** | | ७३५१२५९४५.०४ | ३०,१८१,९३७.४३ |

माथि उल्लेखित ऋण सुरक्षण व्यवस्था चैत्र मसान्त सम्म भएको ऋण रकममा मात्र भएको र बैशाख देखि असार मसान्तसम्मको ऋण सुरक्षण व्यवस्था नभएको ऋण रकम रु. ३९,२२,१३५।१४ गरी जम्मा ऋण रकम ७३,९०,४८,०८०।१८ रहेको जानकारी गराउँदछु ।

**सदस्य लाभका कार्यक्रम खर्च :**

संस्थाले सदस्यहरुको लागी सुरक्षण कार्यक्रम तथा लाभका कार्यक्रम एवं सामाजिक कार्यक्रम निम्न संचालन गरी आएको जानकारी गराउन चाहान्छु ।

| क्र.स. | विवरण | लाभांवित | रकम |
|---|---|---|---|
| १. | रक्तदान कार्यक्रम | ४० | १२१०५।५० |
| ३. | स्वास्थ्य शिविर कार्यक्रम | २९७ | १००४०।- |

**विप्रेशन सेवा :**

यस संस्थामा आवद्ध शेयर सदस्यहरुलाई देश र विदेशमा रहेका आफन्तबाट पठाएको रकम सर्व सुलभ रुपमा संस्थाबाट आ.व. २०७७/०७८ मा कुल ११३२६०४३। कारोबार गरी रु.२७,४७७/- कमिसन प्राप्त भएको जानकारी गराउदछु ।

**कोष रकमान्तर :**

यस संस्थाको आ.व.२०७६/०७७ को मुनाफा बाडफाडको जम्मा भएको निम्न कोष रकमहरु आ.व. ०७७/०७८ मा खर्च नभई बाकी रहेको रु.३९,८९,१५३।६० निम्न अनुसार साधारण जगेडा कोषमा रकमान्तर गरी संस्थागत पुंजी वृद्धि गरीएको छ ।

| क्र.स | कोष शिर्षक | रकम(रु.) |
|---|---|---|
| १. | सहकारी शिक्षा कोष | ७,९४,१६३।८१ |
| २. | सहकारी विकास कोष | ७,९४,१६३।८१ |
| ३. | घाटा पुर्ती कोष | ७,९४,१६३।८१ |
| ४. | सामुदायिक विकास कोष | ७,९४,१६३।८१ |
| ५. | अन्य जोखिम व्यवस्था कोष | ७,९४,१६३।८१ |
| ६. | संरक्षित पुँजी फिर्ता कोष | १८,३३४।५५ |

**शेयर लाभांश वितरण :**

संस्थाले आ.व. २०७६/०७७ मा लाभांश वितरण गरी बाकी रकम र यस आ.व. २०७७/०७८ मा गरेको खुद मुनाफा रु.१,८२,७४,९९२।०६ मा सहकारी ऐन संस्थाको विनियम बमोजिम लाभांश कोषमा जम्मा भएको रकमबाट ११% र सदस्य सुरक्षण(हित) राहतकोष बाट १% गरी १२% शेयर लाभांश वितरण गर्न प्रस्ताव गर्दछु ।

**कर्मचारी उपदान कोष व्यवस्थापन :**

यस संस्थामा कार्यरत कर्मचारीहरुको सेवा तथा वृत्ति विकासको लागी मानव संसाधन व्यवस्थापन (नियमावली २०७७ मा) आवद्ध गराई संस्थाको तर्फबाट २०% र कर्मचारीको तर्फबाट ११% नियमित रुपमा उक्त कोषमा जम्मा गरी कर्मचारीहरुको वृत्ति विकास सुरक्षण गर्ने नितिलाई निरन्तरता गरिएको व्यहोरा अनुरोध गर्दछु ।

## पर्ल्स विवरण :

संस्थाको वित्तिय अवस्थालाई मापन गर्ने महत्वपूर्ण औजारको रुपमा पर्ल्स अनुगमन पद्धतीलाई लिने गरिन्छ। यस वर्ष पनि विगत वर्ष झै कोभिड-१९ दोस्रो लहरले गर्दा पर्ल्स अनुगमन पद्धती अनुसार लक्ष्य हासिल गर्न केही सुचांकहरु कम भएको छ। तै पनि संस्थाको नियमित बैठकमा पल्स मापन सम्बन्धी छलफल गर्दे आएको पनि जानकारी गराउदछु। आ.व. २०७७/०७८ को अन्त्यसम्मको वित्तिय अवस्था निम्नानुसार रहेको जानकारी गराउन चाहान्छु।

| | Indicators | Goal | Numerator | Denominator | This Year Result | Last Year Result |
|---|---|---|---|---|---|---|
| | **P=Protection** | | | | | |
| P1 | Reserve for loan loss >12 months | 1 | 12211229.64 | 12211229.64 | 100.0 | 100.0 |
| P2 | Reserve for loan loss <12 months | 35% | 11057488.89 | 31592825.4 | 35.0 | 35.0 |
| P2× | Reserve for loan loss <1 months | 1% | 6952440.251 | 695244025.1 | 1.0 | 1.0 |
| P3 | Recovery of Charge of loan | 1 | 1978649.09 | 2165689.26 | 91.4 | 91.4 |
| | **E=Effective financial structure** | | | | | |
| E1 | Net Loan to total assets | 70-80% | 715779361.7 | 1148481059 | 62.3 | 68.9 |
| E3 | Financial Investments to total assets | Max 10% | 217216000 | 1148481059 | 18.9 | 9.6 |
| E5 | Saving to total assets | 70-80% | 872452739.7 | 1148481059 | 76.0 | 75.1 |
| E6 | External loan to total assets | 0 | 0 | 1148481059 | 0.0 | 0.0 |
| E7 | Share capital to total assets | 10-20% | 111062300 | 1148481059 | 9.7 | 9.8 |
| E8 | Institutional capital to total assets | 10-20% | 101267406.7 | 1148481059 | 8.8 | 8.8 |
| | **A= Assets quality** | | | | | |
| A1 | Delinquent loan to loan outstanding | <5% | 64433966.59 | 739048080.2 | 8.7 | 3.3 |
| A2 | Non earning assets to total assets | <5% | 26637255.48 | 1148481059 | 2.3 | 2.6 |
| | **R=Rate of return** | | | | | |
| R1 | Total interest income to average loan | Interest rate | 93809760.76 | 742620582.8 | 12.6 | 12.9 |
| R5 | Interest exp. To average saving and ext. loan | Market rate | 64867318.29 | 839975518.8 | 7.7 | 8.9 |
| R7 | Dividend paid on average share capital | Market rate | 12957960 | 107983000 | 12.0 | 12.0 |
| R9 | Operating expenses/ Average total assets | 0.05 | 14938680.79 | 1072283825 | 1.4 | 1.8 |
| R12 | Net income/ Average total assets | Min 10% | 20209071.4 | 1072283825 | 1.9 | 3.0 |
| | **L=Liquidity** | | | | | |
| L1 | Liquid assets/ total saving | 0.15 | 165579723.1 | 872452739.7 | 19.0 | 24.5 |
| L3 | Non-earning Liquid assets/ total assets | <1% | 3232448.19 | 1148481059 | 0.3 | 0.4 |
| | **S= Sign of growth** | | | | | |
| S10 | Growth in Membership | 0.12 | 7705 | 7449 | 3.4 | 5.0 |
| S11 | Growth in assets | Inflation rate | 1075865912 | 1148481059 | 6.7 | 8.0 |
| | | | | | | |
| | | जम्मा | महिला | पुरुष | संस्थागत | |
| | कुल सदस्य संख्या | 7705 | 4107 | 3564 | 34 | |

यी सुचाङ्क माथि अध्यन गरी सल्लाह र सुझावको अपेक्षा राख्दछु ।

**आदरणिय शेयर सदस्य महानुभावहरु,**

यस आ.व. २०७७/०७८ को लागी अन्तिम लेखा परिक्षण गर्न २०७६/०७७ को साधारण सभाबाट नियुक्ति गरीएको लेखा परिक्षक सि.ए. सुरेश निरौलाको मिति २०७८ साल ०३ महिना ३० गते दिवंगत हुनु भएकोले निज प्रति हार्दीक श्रद्धान्जली अर्पण गर्दछु । निजको दिवंगतको कारणले मिति २०७८।०४।२३ को बैठकबाट संचालक समितिको निर्णय अनुसार पुनः अर्को सुचना प्रकाशित गरी नियुक्ति गरिएको सि.ए. श्री सागर आचार्य (एस.आचार्य एण्ड एसोसिएट्स)द्वारा तयार पारिएको लेखा परिक्षण प्रतिवेदन प्रस्तुत वासलात, नाफा, नोक्सानी, कोष बाँडफाड, नगद प्रवाह अनुसुचिहरुबाट स्पष्ट हुनेछ भने जानकारी गराउन चाहान्छु । यस सम्मानीत सभामा प्रस्तुत आ.व. २०७८/०७९ को आर्थिक विवरण स्विकृत गरीदिनु हुन प्रस्ताव गर्दछु । साथै आ.व. २०७८/०७९ को लागी प्रस्तावित वासलात तथा आय/व्ययको विस्तृत विवरण पेज नं. ५३ देखी ५५ मा समावेश गरिएको हुँदा आवश्यक अध्ययन गरी पारीत गरि दिनु हुन प्रस्ताव गर्दछु ।

अन्त्यमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीका कारण भौतिक रुपमा एकै ठाँउमा रहेर छलफल तथा विचार विमर्श गर्न नसकेको अवस्थामा समेत संस्थाको विकास र प्रगतीमा सहयोग सदभाव र माया प्रदान गर्नुहुने नियामक निकाय, विशिष्ट महानुभावहरु, छाता संघहरु, संघ-संस्था, सस्था र सदस्यको सेवामा समर्पित समिती, उप-समितिका सहयात्री साथीहरु, कर्तव्य निष्ट कर्मचारी वर्ग, संस्था प्रति कटिवद्ध सदस्य महानुभावहरु प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दै यँहाहरुको अझ बढी सहयोगको अपेक्षा राख्दै यस संस्थाको परिकल्पना (Vision) "सदस्यहरुको सम्पूर्ण वित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट, सुरक्षित र दिगो संस्था" पुरा हुनेछ । भन्दै संस्थाको कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागी यँहाहरुको सहयोगको अपेक्षा राख्दै बिदा हुन चाहान्छु ।

जय सहकारी ! जय चण्डेश्वरी !!

# लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रगति प्रतिवेदन



**सुरेन्द्र प्रजापति**
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा, काभ्रेको २९ औं गरिमामय वार्षिक साधारण सभाका सभापति एवं संस्थाका अध्यक्षज्यू, यस सभालाई सभ्य, भव्य, र सफल बनाउन हाम्रो निमन्त्रणालाई स्विकार गरि पाल्नु भएका प्रमुख अतिथिज्यू, मूख्य अतिथिज्यूहरु, संघ, प्रदेश तथा स्थानिय सहकारी निकाय र अन्य संघ, संस्थाबाट पाल्नु भएका अतिथिज्यूहरु, सामाजिक रुपान्तरणमा अहम भूमिका खेल्नु हुने पत्रकार महानुभावहरु, संस्थालाई अघि बढ्न निरन्तर मार्ग दर्शन दिनु हुने सल्लाहकारज्यूहरु, समितिका पदाधिकारीज्यूहरु तथा सदस्यज्यूहरुका साथै उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थालाई अघि बढाउन अहोरात्र लगनशील भै लक्ष्य प्राप्तिमा निरन्तर अघि बढनु हुने कार्यालय प्रमुख तथा कर्मचारी मित्रहरु, सहकारी मूल्य, मान्यता र मापदण्डलाई आत्मासाथ गर्दे अघि बढ्न सल्लाह, सुझाव र शुभेच्छा राख्नुहुने शेयर सदस्य महानुभावहरुका साथै महिला तथा सजन वृन्द ।

मानव जीवन र सभ्यता विकासका सूचक सामाजिक, आर्थिक, साँस्कृतिक पक्षहरुलाई सबल बनाउन सहकारी अभियानले महत्वपूर्ण भूमिका खेलेको छ भन्दा अत्यूक्ति नहोला । सहकारी आन्दोलनका मूलधारमा रही राष्ट्रिय स्तरको संस्थाहरु राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन), बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन) तथा जिल्ला स्तरिय संघ, संस्था निर्माणको चरणमा यस संस्थाले खेलेको भूमिकालाई आजको दिनमा स्मरण गर्न चाहान्छौ।

"**सहकार्यमा उत्कृष्ट वित्तिय समाधानका लागि चण्डेश्वरी साकोस**" भन्ने मूल नारा बोकी गाँउ, बेशी, शहर र बजार सबै क्षेत्रलाई सहकारीमय बनाउनु हाम्रो लक्ष्य रहेको छ । अभियानकै क्रममा यस संस्था एसियाली ऋण महासंघ (ACCU) बाट स्तरियताको लागि प्रदान गरिने BRONZE Brand बाट पुरस्कृत भएको तपाईहरु सबैलाई स्मरण गराउन चाहन्छौ । कोभिड-१९ (Covid-19) को असरमा पनि सुरक्षाका मापदण्डहरुलाई अपनाउदै संस्थाका क्रियाकलापहरुलाई अघि बढाउदै लगेको कुरा तपाईहरु सबैलाई जानकारी नै होला । लेखा सुपरिवेक्षण समितिले २०७७ श्रावण देखि २०७८ असार मसान्तसम्म संस्थाले गरेका विविध कारोबारलाई सुक्ष्म सुपरिवेक्षण गरि आफ्नो विश्लेषण सहित यस गरिमामय वार्षिक साधारण सभामा निम्न अनुसारको प्रतिवेदन पेश गर्न चाहन्छौ ।

१) **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**

१.१ संरक्षित पूँजी फिर्ता कोष संचालन निति २०७७ अनुसार आ.व. २०७७/०७८ मा ऋणको शिर्षकमा ६०% र बचतको शिर्षकमा ४०% गरी जम्मा रु. ५३,११,६४९।०५ शेयर सदस्यहरुलाई वितरण गरिएको थियो ।

१.२ सदस्य सुरक्षा/हित/राहत कोष संचालन नीती २०७७ अनुसार स्वास्थ्य उपचार खर्च तथा मृत्यु राहत को लागी स्वास्थ्य उपचारमा २९ जना र मृत्यु राहतमा २३ जनाको दावी परेको छ ।

१.३ कोरोना भाइरस/कोभिड-१९ (*covid-19*) महामारी मा ब्यवसाय निरन्तरता योजना २०७७ कार्यबिधी अनुसार बन्दाबन्दीको समयमा लागेको साँवा ब्याजमा ८% र ब्याज मात्र भुक्तानी गरेमा

क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मूल्य भन्दा बढी मुल्यमा प्रस्तुत हुदैन भन्ने कुराको आस्वस्तता प्रदान गर्दछ । हरेक बर्षान्तमा कुनै संकेत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरण परिक्षण गरिन्छ । कुनै क्षयिकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउने नीति लिएको छ ।

**४.१५ गैर बैकिङ्ग सम्पत्ति**

ऋणीले समयमा नै ऋणको सर्त अनुसार ऋण भुक्तानी नगरेको अबस्थामा सो ऋण लिदाँका बखत राखेको धितो प्रकृया पुर्याई लिलाम गर्दा सकार्ने व्यक्ति उपलब्ध नहुदाँको बखत संस्थाले नै स्विकार गरेको धितोलाई गैर बैकिङ्ग सम्पत्तिको रुपमा बर्गिकरण गरीने नीति लिईएको छ। आ.ब. २०७७।०७८ मा संस्थाले कुनै पनि किसिमको गैर बैकिङ सम्पत्ति सकार गरेको छैन ।

**४.१६ मालशेष**

संस्थाले मालशेषलाई लागत वा खुद असुली मुल्य मध्ये जुन कम हुन्छ त्यसमा मापन गर्ने नीति लिएको छ । मालशेषको लागतमा खरिद गर्दा लाग्ने सवै लागत, रुपान्तरण गर्न लाग्ने लागत तथा

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा, काभ्रे-२०४७ CSACCOS

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

वर्तमान परिस्थिति वा अवस्था सम्म ल्याउन लाग्ने लागतलाई समावेश गरीएको छ । संस्थाले मालशेषको मापन पहिले आउने पहिले जाने पद्धति बमोजिम लेखाङ्कन गरेको छ ।

**४.१७ नगद वा नगद सरह**

नगद प्रवाह विवरणको सम्बन्धमा नगद वा नगद सरहले हातमा रहेको नगद, डिमाण्ड डिपोजिट तथा तत्काल नगदमा परिवर्तन गर्न सकिने अन्य अति तरल अल्पकालीन लगानी पर्दछन् ।

**४.१८ अन्य चालु सम्पत्ति**

भविश्यमा प्राप्त हुने बस्तु तथा सेवाको लागि गरीएको अग्रिम भुक्तानी, संस्थाले वर्षान्तमा पाउनु पर्ने रकम वित्तीय स्थिति विवरणमा अन्य चालु सम्पत्ति अन्तर्गत प्रस्तुत गरीएको छ ।

**४.१९ आयकर**

आयकर खर्चले हाल तिर्नुपर्ने कर रकमलाई देखाउँदछ । आयकर व्यवस्था आयकर ऐन, २०५८ ( संसोधन सहित) बमोजिम गरिएको छ ।

**४.२० व्यवस्था, संभावित दायित्व र सम्भावित सम्पत्ति**

संस्थाले आफ्नो विगतको घटनाक्रमको फलस्वरुप वर्तमानमा कुनै दायित्व सृजनाहुने भएमा, आर्थिक लाभहुने श्रोत बाहिरिने संभाबना रहेको तथा दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएको अवस्थामा संस्थाले व्यबस्था सृजना गर्ने गरेको छ । कुनै पनि संभावित दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्दछ, त्यसका लागि संभावित दायित्वको लेखाङ्कन गरिन्छ । तर संभावित वा बर्तमान दायित्व जसले भविस्यमा साधनको बहिर्गमन सृजना गर्न सक्ने अवस्था न्यून छ सोको लागि कुनै व्यबस्था गरिएको छैन ।

संभावित सम्पत्तिको वित्तीय विवरणहरुमा लेखाङ्कन गरिदैन तर यसको नियमित रुपमा मुल्याङ्कन गरिन्छ र यदि कुनै आर्थिक साधनको प्राप्ति संस्थाको सम्भावित दायित्वहरुलाई वित्तीय स्थिति विवरणको अभिन्न अंगको रुपमा देखाईएको छ ।

**४.२१ संस्थाको शेयर पुंजी**

वित्तीय स्थिति विवरणको मितिमा संस्थाको जम्मा पुंजी रु. १११,०६२,३००.०० रहेको छ । सो शेयर पुंजीप्रति शेयर रु १०० को दरले गणना गरी जारी गरिएको छ ।

**४.२२ प्रतिवेदन अवधिको अन्य पछिका घटनाहरु**

प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु प्रतिविम्बित हुने गरी संस्थाको वित्तीय विवरणमा लेखाङ्कित रकमहरुको साथै सम्बन्धित खुलासाहरु समायोजन गर्ने नीति रहेको छ । यस वित्तीय विवरण तयार गर्दा कुनै पनि समायोजन हुने घटनाहरु घटेका छैन ।

**४.२३ चालु दायित्व**

बर्षान्तमा भुक्तानी गर्न बाँकी रहेका खर्च तथा दायित्वहरुलाई वित्तीय स्थिति विवरणमा दायित्वको रुपमा देखाईएको छ ।

**४.२४ कोष हिसाव तथा अन्य व्यवस्थाहरु**

सहकारी संस्थाको खुद नाफाको रकमबाट पच्चीस प्रतिशत रकम ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट पच्चीस प्रतिशत रकम ऐनको दफा ६९ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा, काभ्रे-२०४६ CSACCOS
S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

मानी देहाय बमोजिमका कोषहरूमा, परिवर्तित सहकारी ऐन तथा नियमावली बमोजिम संस्थाको विनियम संसोधन भई नसकेकोले सञ्चालक समितिको निर्णय अनुसार देहायको दरले वितरण गरिएको छ।

| कोषको नाम | प्रतिशत |
|---|---|
| घाटा पुर्ति कोष | ५ |
| सहकारी शिक्षा कोष | ५ |
| सहकारी विकाश कोष | ५ |
| सामुदायिक विकाश कोष | ५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ |
| स्थिरीकरण कोष | ५ |
| शेयर लाभांस कोष | ७० |
| **कुल** | **१००** |

संस्थाले कर अघिकै नाफाबाट पाँच प्रतिशतले हुने रकम कर्मचारी बोनस व्यवस्था गरीसकेकोले यो कोषमा नाफाको बाँडफाँड गरीएको छैन।

**४.२५ कर्मचारी बोनस व्यवस्था**

संस्थाले सञ्चालक समितिको निर्णय बमोजिम यस आ.व.को संस्थाको कर अघिको नाफाबाट ५ प्रतिशतले हुने रकम कर्मचारी बोनश व्यवस्था गरेको छ।

**४.२६ कर्मचारी उपदान खर्च**

संस्थाले श्रम ऐन, २०७४ बमोजिम कर्मचारीको मासिक तलबको ८.३३ प्रतिशतले हुने रकम कर्मचारी उपदान खर्च बापत खर्च लेखी कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा खोलेको खातामा जम्मा गरीएको छ। सो रकम कर्मचारीहरुको आयमा जोडी कर गणना गरीएको छ।

**४.२७ आफ्नै सम्पत्ति धितो राखी लिएको सापटी**

संस्थाले आफ्नै सम्पत्ति धितो राखेर यस आर्थिक बर्षमा कुनै पनि ऋण तथा सापट लिएको छैन।

**४.२८ संस्था बिरुद्ध वा संस्थाले दायर गरेको मुद्दाको विवरण**

यस आर्थिक बर्षको मसान्तमा संस्था विरुद्ध मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको छैन।

**४.२९ पट्टा**

**वित्तीय पट्टा**

संस्थाले वित्तीय पट्टा अन्तर्गत कुनै कार्य गरेको छैन र सो बापत कुनै दायित्व सृजना गरेको छैन।

**सञ्चालन पट्टा**

संस्थाले कार्यालय भवनका लागि सञ्चालन पट्टा सम्झौता गरेको छ र जुन सम्झौता कुनै पनि पक्षले पुर्व सुचना दिए पश्चात खारेज गर्न सक्नेछन्। संस्थाले भविष्यमा भुक्तानी गर्ने गरी खारेज नहुने गरी कुनै पनिपट्टा गरेको छैन। खारेज नहुने पट्टामा कुनै पनि पट्टा खर्च छैन।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. बनेपा, काभ्रे-२०५७ CSACCOS

S. Acharya & Associates Kathmandu Nepal Chartered Accountants

## ४.३० सम्बन्धित पक्षसँगको कारोबारको खुलासा

संस्थाको सम्बन्धित पक्षसँगको गरेको कारोबारको विवरण देहाय बमोजिम रहेको छ ।

आषाढ मसान्तमा संस्थाबाट संस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्य तथा निजका एकाघरका सदस्यको बाँकी ऋणको विवरण:

| ऋणीको नाम | बाँकी ऋण रकम (रु.) |
|---|---|
| श्री गणेश कुमार रंजित संचालक सदस्य | ३,५०,०००.०० |
| श्री रुकमणी राजभण्डारी संचालक सदस्य | ६००,०००.०० |
| श्री सुरेन्द्र प्रजापति लेखा सुपरिवेक्षण समिति संयोजक | ६,६३८,६८१.३३ |
| श्री विनय कृष्ण कायष्थ लेखा सुपरिवेक्षण समिति सदस्य | १,५९१,५५७.५१ |
| **कुल** | **९,१८०,२३८.८४** |

त्यस्तै, २०७८ आषाढ मसान्त सम्ममा संस्थाका कर्मचारीहरुले शेयर सदस्यको नीति पालना र सुविधा ऋण गरी जम्मा रु.५,५५०,६३७.८५ ऋण बापत संस्थावाट प्रयोग गरेका छन् ।

## ४.३१ सामाजिक सुरक्षा कोषमा सरकारको योगदान

संस्थाले आफ्ना कर्मचारीहरुको लागि कानून बमोजिम सामाजिक सुरक्षा कोषमा संस्थाको तर्फबाट तथा कर्मचारीको तर्फबाट योगदान गरेको छ । कोभिड १९ को कारणले भएको आ.व. २०७६।७७ को लकडाउन अवधिको कोषमा गर्नुपर्ने संस्था तथा कर्मचारीको योगदान नेपाल सरकारले गर्ने निर्णय गरेको थियो । सो वापतको रकम गत आ.व.को वित्तीय विवरणमा प्रस्तुत नगरेको र यस वर्ष सरकारले योगदान वापत सम्बन्धित कर्मचारीको सामाजिक सुरक्षा कोषमा रहेको व्यक्तिगत खातामा रकम जम्मा गरीसकेपछि यस आ.व.को वित्तीय विवरणको कार्यसञ्चालन विवरणमा गैर सञ्चालन आम्दानी (अनुदान आय) अन्तर्गत रु. २९०,०३२।६१ प्रस्तुत गरिएको छ ।

त्यस्तै, आ.व. २०७७।७८ को जेष्ठ र आषाढ महिनाको कर्मचारी तथा संस्थाको तर्फबाट हुने योगदान रकम यो वित्तीय विवरण प्रमाणिकरण हुँदा सम्म कर्मचारीको सामाजिक सुरक्षा कोषको व्यक्तिगत खातामा जम्मा नभएकाले यस आर्थिक बर्षमा सो रकमलाई आम्दानी बाँधिएको तथा खर्च लेखिएको छैन ।

## ४.३२ संस्थालाई कोभिड १९ को असर

संस्थाको कारोबारमा कोभिड १९ को महामारीको असर सारभुत रुपमा परेको छ । संस्थाको व्याज आम्दानी नगद आधारमा लेखाङ्कन हुने भएकाले ऋणीलाई परेको महामारीको असरले संस्थालाई पनि असर परी विगत बर्षको तुलनामा संस्थाको नाफामा सारभुत रुपमा गिरावट आएको छ । नयाँ ऋणहरु प्रवाह हुन नसक्दा सेवा शुल्क लगायतका संस्थाको आयमा समेत असर परेको छ । त्यस्तै आषाढ मसान्तको तथ्याङ्क हेर्दा संस्थाको लगानी योग्य तरलता एकदमै बढी देखिन्छ यसले गर्दा पनि संस्थाको नाफामा चाप परेको छ ।

## ४.३३ विगत बर्षहरुको अङ्कहरु

वित्तीय विवरणहरु नेपाली रुपैयामा प्रस्तुत गरिएका छन् । गत वर्षको अङ्कहरु आवश्यकता अनुसार पुर्नवर्गिकरण, पुर्नलेखन तथा पुर्नतालिकीकरण गरिएको छ

बचत तथा ऋण सहकारी संस्था लि. CSACCOS बनेपा, काभ्रे-२०४७

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

# चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा-८, तीनदोबाटो, काभ्रे**

## आ.व.२०७८/०७९ को अनुमानित वासलात

**वासलातः** (Balance Sheet)

| दायित्व | | | |
|---|---|---|---|
| **क्र.सं.** | **आम्दानी शिर्षक** | **०७८/०३/३१ सम्मको यथार्थ** | **आ.व.०७८/०७९ अनुमानित** |
| १ | नियमित बचत संकलन | ३४,५९३,२७१।६८ | ३८२१६८२१।८५ |
| २ | नियमित मासिक ऐच्छिक बचत | १४२,०८३,४४२।९८ | १५८४०६९६१।७० |
| ३ | घरदैलो बचत संकलन | १०९,६८७,३०४।३१ | ११५५६१०३८।०० |
| ४ | ब्यापारीक र थप बचत संकलन | ८४,२०३।५४ | ७४३१०।१३ |
| ५ | दैनिक बचत संकलन | ५५,८०८,३८२।१९ | ६८२४११३०।०६ |
| ६ | बिशेष बचत संकलन | २९,०५३,६९०।१८ | ३०५०६१८८।१६ |
| ७ | लघ-बित्त बचत संकलन | ११,७३३,०११।९० | २५४२९६२२।८० |
| ८ | चांडपर्ब बचत संकलन | १,५७१,५६९।२५ | २२४४६७७।६० |
| ९ | नरनारी बचत संकलन | ८९३,९४९।५३ | १६१३९६८।८० |
| १० | जेष्ठ नागरीक बचत संकलन | ३३,२४६,४६०।६५ | ६५१८५५४०।०७ |
| ११ | बाल बचत संकलन | ९,०८०,७९४।२७ | १४५९९६९८।७५ |
| १२ | चण्डेश्वरी आबधिक बचत | ४३३,४०८,०९८।५० | ४५१,७७४,८३९।७० |
| १३ | कर्मचारी संचय कोष | ११,२०८,५६०।६८ | ११,७१०,९९३।८१ |
| १४ | दैनिक बचत ऋणका लागि संकलन | | |
| | जम्मा बचत रकम | ८७२,४५२,७३९।६६ | ९८३,५६५,७९१।४३ |
| १३ | शेयर पं-जी | १११,०६२,३००।०० | १३३,६२९,०००।०० |
| १४ | कोषहरु | ११८,३८५,६६२।१६ | ११६,०३६,१२१।७० |
| १५ | कर्मचारी संचय कोष | | |
| १६ | ऋण सुरक्षण कोष | ३०,१८१,९३७।४३ | १३,३८५,१४७।६२ |
| १७ | चालु दायित्व/अन्य दायित्व | १६,३९८,४१९।५० | २५,९५१,८३३।८७ |
| १८ | बाह्य ऋण | | |
| १९ | नाफा/नोक्सान हिसाव | | ४७,८१२,०००।०० |
| | जम्मा रकम | १,१४८,४८१,०५८।७५ | १,३२०,३७९,८९४।६२ |
| सम्पत्ति | | | |
| **क्र.सं.** | **आम्दानी शिर्षक** | **०७८/०३/३१ सम्मको यथार्थ** | **आ.व.०७८/०७९ अनुमानित** |
| १ | नगद | १,६४०,९५१।५८ | ३,९५०,०००।०० |
| २ | बैंक | १६३,९३८,७७१।५१ | १४८,५७२,६८१।५२ |
| ३ | लगानी रहेको ऋण | ७३९,०४८,०८०।१८ | ९५५,५७०,३०२।८० |
| ४ | संघ/बैंक शेयर लगानी | १४,२१६,०००।०० | १३,७१६,०००।०० |
| ५ | स्थीर सम्पत्ति | ९,७०५,९७५।२४ | ११७३१०७३।०९ |
| ६ | तरल लगानी | २०३,०००,०००।०० | १६६,०००,०००।०० |
| ७ | अन्य सम्पत्ति | १६,९३१,२८०।२४ | २०,८३९,८३७।२१ |
| | जम्मा रकम | १,१४८,४८१,०५८।७५ | १,३२०,३७९,८९४।६२ |
| १० | सदस्यता | ७७०५ जना | ८६३० जना |

# चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, तीनदोबाटो, काभ्रे

आ.व.०७८/०७९ को अनुमानित

**नाफा नोक्सान हिसाबः Profit and Loss Account**

| आम्दानी | | | |
|---|---|---|---|
| क्र.सं. | आम्दानी शिर्षक | ०७८/०३/३१ सम्मको यथार्थ | आ.व.२०७८/०७९ अनुमानित |
| १ | ब्याज आम्दानी | ९३,०५५,६८७।७१ | १११,९२०,०००।०० |
| २ | बैंक ब्याज आम्दानी | १७,३६६,२४६।४९ | २२,१२५,०००।०० |
| ३ | ऋण सेवाशुल्क | ३,१४७,३५२।३० | ५,४०८,०००।०० |
| ४ | घरभाडा आम्दानी | २४८,४००।०० | ३६०,०००।०० |
| ५ | बिबिध आम्दनी | ३,६४८,१७३।७९ | ३,०८६,०००।०० |
| | आम्दानी जम्मा रकम | ११७४६५८६०।२९ | १४२८९९०००।०० |

| खर्च | | | |
|---|---|---|---|
| क्र.सं. | खर्च शिर्षक | ०७८/०३/३१ सम्मको यथार्थ | आ.व.२०७८/०७९ अनुमानित |
| १ | चण्डेश्वरी बचत ब्याज खर्च | ४३,३१६,९९०।१७ | ४१,१३०,०००।०० |
| २ | बचत ब्याज खर्च | २१,५५०,३२८।१२ | २४,९८०,०००।०० |
| ३ | तलब भत्ता | ८,९८२,७१२।३१ | १३,१४०,०००।०० |
| ४ | कर्मचारी सामाजिक सुरक्षा कोष अनुदान | | २,२००,०००।०० |
| ५ | पोशाक खर्च | | ५००,०००।०० |
| ६ | पाई तथा स्टेशनरी | २१४,६३०।३९ | ७२०,०००।०० |
| ७ | बैठक भत्ता | ५६८,७००।०० | ९७०,०००।०० |
| ८ | बिद्युत तथा खानेपानी महशुल | १११,६६२।९० | १५६,०००।०० |
| ९ | टेलिफोन महशुल | १५६,८१८।११ | २०४,०००।०० |
| १० | कार्यालय संचालन | १३७,८५५।०० | २४०,०००।०० |
| ११ | बैठक संचालन खर्च | १४१,३१२।०० | २००,०००।०० |
| १२ | ईन्धन | ३२,०३१।०० | ६०,०००।०० |
| १३ | पत्रपत्रिका | १०,८००।०० | १५,०००।०० |
| १४ | परिबहन | १८०,६७५।०० | २१०,०००।०० |
| १५ | अवलोकन भ्रमण | | ३००,०००।०० |
| १६ | संस्था सदस्यता नबिकरण | ३९,७४५।०० | ७०,०००।०० |
| १७ | कार्यालय सामान खरीद | | १,०००,०००।०० |
| १८ | सामाजिक कार्यक्रम | २४,१४४।५० | १६६,०००।०० |
| १९ | सूचना प्रकाशन खर्च | ५७,४०५।८६ | ८४,०००।०० |
| २० | प्रबर्द्धन तथा एसएमएस खर्च | ३५,६४६।१४ | ७२,०००।०० |
| २१ | साधारण सभा भत्ता खर्च | १,६०२,७०५।८४ | २,६००,०००।०० |
| २२ | साधारण सभा खर्च | ३४८,३६६।०० | ६००,०००।०० |
| २३ | एक्सेस ब्राण्ड कार्यक्रम | १५३,९४०।०० | २१५,०००।०० |

| खर्च | | | |
|---|---|---|---|
| क्र.सं. | खर्च शिर्षक | ०७८/०३/३१ सम्मको यथार्थ | आ.व.२०७८/०७९ अनुमानित |
| २४ | अफिस सामान खतपत भएर जाने खर्च | २०,०४४।५० | १६८,०००।०० |
| २५ | सदस्य सम्पत्ति बीमा खर्च | ४६,६४०।४४ | ७५,०००।०० |
| २६ | घर भाडा खर्च | ८६,४००।०० | २०४,०००।०० |
| २७ | एससिटी खर्च | ६०,४८३।२३ | ९६,०००।०० |
| २८ | बिबिध खर्च | २७,८७४।३६ | ६०,०००।०० |
| २९ | अतिथि सत्कार | ३,९८०।०० | ३०,०००।०० |
| ३० | तालिम तथा गोष्ठी | ३९,६०३।८२ | १७५,०००।०० |
| ३१ | इन्टरनेट खर्च | २९८,४०३।९२ | ३८०,०००।०० |
| ३२ | कमिशन खर्च | ३८,६०२।६५ | ६०,०००।०० |
| ३३ | स्थापना दिवस | | ३००,०००।०० |
| ३४ | आन्तरिक तथा अन्तिम लेखा परिक्षण शुल्क | ८४,७५०।०० | १६०,०००।०० |
| ३५ | सम्पत्ति तथा सवारी साधन करखर्च | २८,०८२।०० | ६०,०००।०० |
| ३६ | कोभिड बीमा खर्च | ८,४२०।०० | |
| ३७ | मर्मत/सम्भार खर्च | ५५,६१६।१० | ३६,०००।०० |
| ३८ | कम्युटर सफ्टवयर | २३९,२७७।५० | ३५०,०००।०० |
| ३९ | क्लोजिड. खर्च | ५,७८५।०० | ५०,०००।०० |
| ४० | समिति र कर्मचारी स्वास्थ्य बीमा | ५५,९२०।०० | ७२,०००।०० |
| ४१ | ब्यबसाय दर्ता नबीकरण | १,८००।०० | |
| ४२ | उप समिति खर्च | | ६००,०००।०० |
| ४३ | रणनिति योजना | | ४५०,०००।०० |
| ४४ | कर्मचारी तथा समिति क्षमता अभिबृद्धि | | २५०,०००।०० |
| ४५ | लेखा क्षमता अभिबृद्धि कार्यक्रम | | १२५,०००।०० |
| ४६ | बिपद ब्यबस्थापन | | ३००,०००।०० |
| ४७ | सेवा केन्द्र बिस्तार | | ६००,०००।०० |
| ४८ | ऋण जोखिम ब्यबस्था खर्च | १७,४५०,७८९।८१ | ६५४,०००।०० |
| ४९ | ह्रासकट्टी खर्च | १,०३७,८४७।२२ | |
| | **खर्च जम्मा रकम** | ९७,२५६,७८८।८९ | ९५०८७०००।०० |
| | **नाफा/नोक्शान** | २०,२०९,०७१।४० | ४७८१२०००।०० |
| | **आयकर ब्यबस्था** | ०।०० | २३९०६००।०० |
| | **खुद नाफा** | २०,२०९,०७१।४० | ४५४२१४००।०० |

# शिक्षा तथा समाज कल्याण उप-समितिको वार्षिक प्रतिवेदन



**पूर्ण पोटे**
संयोजक

आदरणीय यस २९औं वार्षिक साधारण सभामा सभापतित्व गरिरहनु भएका यस संस्थाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथिज्यू, सल्लाहकारज्यूहरु, विभिन्न संघ संस्थाबाट पाल्नुहुने अतिथि महानुभावहरू, पत्रकार मित्रहरू कार्य समिति पदाधिकारी ज्यूहरू, लेखा समिति पदाधिकारी, अतिथि महानुभावहरू, उप-समिति एवम् कर्मचारी साथीहरू र सम्पूर्ण शेयर सदस्यहरूमा शिक्षा तथा समाज कल्याण उप-समितिको तर्फबाट न्यानो सहकारीमय अभिवादन !

सामाजिक रूपान्तरणमा सहकारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। 'एक व्यक्ति एक सहकारी'को अवधारणा द्रुतगतिमा अघि बढिरहेको अवस्थामा हामी माझ अवसर र चुनौती दुवै थपिएको छ। त्यसमाथि कोरोना महामारीले विश्वलाई नै आक्रान्त पारिरहेको आजको समयमा मानिस मानिससँग डराएर हिंड्नुपर्ने अवस्था सिर्जना भएको छ। यस महामारीले हाम्रा गतिविधिहरूमा प्रत्यक्ष असर पारिरहेको छ। आजको हाम्रो लडाइँ रोगसँग हो तर भोलिका दिनमा भोकसँग लड्नु पर्ने हुन्छ तसर्थ महामारीबिरुद्धको यो लडाइँ (बन्दाबन्दी) पछि पैसाले किन्ने सामानमा फरकता आउनसक्छ। बन्दाबन्दीपछिको जीवन यापन तपाइँ हामीले सोचेजस्तो पुरानै स्थितिको बनाउन बचत नै महत्वपूर्ण पातो हुन आउँछ। नियमित रूपमा सदस्यहरूसँग सहकार्य गर्दै सञ्चालन गरिरहेका कार्यक्रमहरू यस दौरानमा यस उप-समितिले वार्षिक योजना अनुसार कार्यक्रमहरु सञ्चालन गर्न नसके को कारण यहाँहरूमा छर्लङ्ग नै छ। यस विषम परिस्थितिमा भित्तेपात्रो प्रकाशन, स्वास्थ्य मापदण्डलाई पालना गरी मिति २०७७/१२/२८ गते नालाको सेरामा शिक्षा शिविर सञ्चालन गरी सदस्यहरूलाई लाभान्वित गरेको कुरा जानकारी गराउन चाहन्छु। यस उप-समितिले आ.व. २०७७/०७८ मा ५ पटक बैठक बसी आफ्ना गतिविधिहरूमाथि छलफल गरेको समेत जानकारी गराउन चाहन्छु।

अन्त्यमा, 'शिखर चुम्नका लागि साहस हुनु जरुरी छ चाहे त्यो शिखर सगरमाथाको होस् वा तपाइँको पेसाको' आजको प्रतिस्पर्धात्मक समयमा व्यक्ति, समाज अनि मुलुकै सामाजिक, आर्थिक तथा शैक्षिक समृद्धिका लागि सहकारी मूल खम्बा हो। त्यसैले भविष्यका लागि नभई वर्तमानकै लागि बचत गर्ने बानीको विकास गर्नु अत्यन्त आवश्यक छ भन्दै कोरोनाको त्रास, पीडालाई साम्य पार्दै सहज रुपमा अगाडि बढ्ने हौसला श्री माई चण्डेश्वरीले प्रदान गरून्, यही कामनासहित प्रतिवेदन टुङ्ग्याउँछु।

धन्यवाद !

जय सहकारी ! जय चण्डेश्वरी !

संयोजक : पूर्ण पोटे
सदस्य : रीता बादे श्रेष्ठ
सदस्य : ज्योत्स्ना सैंजु कायष्ठ

# महिला विकास उप-समितिको वार्षिक प्रगति प्रतिवेदन



**रोशना राजवंशी**
संयोजक

यस साकोसको २९ औं साधारण सभाका अध्यक्ष महोदय प्रमुख अतिथिज्यू प्रेरणादायी ब्यतित्वज्यूहरु उपस्थित विभिन्न संघसंस्थाबाट पाल्नु भएका अतिथिज्यू, पत्रकार मित्र, सल्लाहकारज्यु, संचालक समिति, लेखा सुपरिवेक्षण, उपसमिति सदस्यज्यू, कर्मचारी मित्रहरु तथा सम्पूर्ण शेयर सदस्यज्यूहरुमा म महिला विकास उप-समितिको संयोजक रोशना राजवंशीको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

आपनो जीवन शैलीलाई सहज र सरल ढंगबाट अगाडि बढाउन र सुनिश्चित भविष्यको निर्माण गर्न यस संस्थाले विशेष रुपमा महिला सदस्यहरुलाई लक्षित गरी महिला सशक्तिकरण जोड दिँदै महिलाको उत्थानको निम्ति दिदी बहिनीहरुलाई क्षमता अभिवृद्धि तथा सीपमूलक तालिम दिँदै आइरहेको कुरा यहाँलाई अबगत नै छ तर विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरसले गर्दा नेपाल सरकारको मापदण्ड भित्र बसेर काम गर्नुपर्ने भएकोले यस उपसमितिले बिगत दई बर्ष देखी प्रस्तावित कार्यक्रम गर्न नसकेको यहाँहरुलाई जानकारी गराउँदछौं ।

बिश्व महामारीको रुपमा फैलिएको कोरोनाको बेला पनी नेपाल सरकारको मापदण्ड भित्र बसेर हामीले स्वास्थ्य शिविर अर्न्तगत पहिलो पटक खुल्ला रक्तदान बनेपा तिनदोबाटोमा नेपाल रेडक्रस सोसाइटी बनेपा शाखाको प्राविधिक सहयोग र ब्लड डोनर्स एसोसिएसन काभ्रे बनेपासँग सहकार्य गरी पौष १७ गते शुक्रबार सम्पन्न गरियो जसमा (४०)चालीस जना दाताहरुले रगत दान गर्नु भएको थियो ।महिला उपसमितिको हालसम्म जम्मा एकपटक मात्र बैठक बसेको जानकारी गराउंदछु ।

अन्तमा नेपाल सरकारको मापदण्ड भित्र बसेर हामीले यो बर्ष केही कार्यक्रमहरु गर्ने छौं भनी महिला विकास उपसमितिको वार्षिक प्रतिवेदन यही टुङ्गयाउँछु ।

संयोजक रोशना राजवंशी

सदस्य - रचना न्हुच्छे प्रधान

सदस्य - रीता मानन्धर

सदस्य - विमला पोटे

सदस्य - शारदा देवी बादे श्रेष्ठ

# समूहगत बचत कार्यक्रम उप-समितिको वार्षिक प्रगति प्रतिवेदन



**रुकमणी देवी पोटे राजभण्डारी**
संयोजक

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को २९ औं साधारण सभाका आदरणिय सभापति एबं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यूहरु,सहकारी बिज्ञ एवं बिभिन्न सहकारी निकायबाट पाल्नु भएका अतिथिज्यूहरु सल्लाहकारज्यूहरु समिति उप–समिति सदस्य महानुभावहरु, शेयर सदस्य महानुभावहरु, हरदम मिहेनेतका साथ आफनो कर्तव्य पालनामा लागि पर्ने कर्मचारी मित्रहरुमा न्यानो स्वागत अभिबादन टक्र्याउन चाहान्छु ।

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को स्थापना भई समुदायमा बचत तथा ऋण सहकारीताको माध्यमबाट परिवर्तन ल्याउनको लागि विगत ३० बर्ष अगाडीको सोचलाई समयको अन्तराल संगसगै विस्तारै यस संस्थाले आफ्नो कार्यक्षेत्र भित्र छबि बनाउन सफल भएको छ। यसैलाई निरन्तरत दिनको लागी संस्थाको मूल श्रोत बचत परिचालन गर्नको लागी समुहमा गई सेवा सुविधा प्रदान गर्ने उद्धेश्यले यस उपसमितिले बनेपा र आसपासका क्षेत्रहरुमा  सेवा पूऱ्याउदै आईरहेको जनकारी गराउन चाहन्छु ।

यस संस्थाको कार्यक्षेत्रमा बचतको माध्यमबाट जिवनलाई सहज र आफ्नो व्यवसायलाई टेवा दिई आर्थिक उन्नत्ति गर्न सक्नुका साथै यसलाई हामीले समयमा नियमित बचत गर्ने गरेको खण्डमा फजुल खचको कटौतीका साथ आफूलाई अप्ठ्यारो पर्ने स्थितीमा यसबाट निकै ठूलो राहत प्रदान गर्ने भएकोले घरदैलो सेवाको रुपमा यस कार्यक्रमलाई अगाडी बढाउँदै आएकोले शेयर सदस्य महानुभावहरु लगायत साथिभाई, इष्टमित्र,टोल छिमेकमा छुट महानुभाबहरु पनि यस संस्थको सेवा सुविधाहरु लिनका लागी समयमा नै सदस्यता लिनु भई नियमिति बचत गर्ने बानी बसाल्न आबद्ध समूहगत बचत सदस्यहरुले पनि आ–आफ्नो क्षेत्रबाट संस्थालाई सहयोग पुऱ्याउनु हुनेछ भन्ने हाम्रे अपेक्षा रहेको छ ।

आ.वा.०७७।०७८ मा ३ पटक समुह बचत कार्यक्रम संचालन उपसमितिको बैठक बसि निम्न कार्यक्रमहरु सम्पन्न गर्नुका साथै यस उपसमितिले समाजिक कार्यक्रमहरु लगायत समूहमा आबद्ध शेयर सदस्यहरुलाई समय समयमा वित्तिय साक्षरताका साथै समुह र सदस्यता बृद्धिका कार्यक्रहरु गर्दै आईरहेकोमा बार्षिक कार्यक्रमहरुमा समाबेश भई बाँकि कार्यक्रम बिश्वव्यापी महामारीको रुपमा फैलिएका कोरोना भाईरस covod—19 को जोखिमले गर्दा संचालन गर्न समस्या देखिएकोमा आगामी आ.व.७८।७९ को लागी नियमित कार्यक्रमहरु राखिएको छौ ।

१) सदस्यता बृद्धि बिशेष कार्यक्रम –३ पटक

२)आखाँ शिविर कार्यक्रम –१ पटक

३)बचत कर्ता भेटघाट कार्यक्रम –१ पटक

**आ.व.२०७७।०७८मा सम्पन्न गरिएको कार्यक्रम निम्न रहेको छ।**

१) मिति २०७७।१०।१७ गते पनैती नगरपालिका वडा नं ५ स्थित हाइल्याण्ड स्कुलमा सदस्यता बृद्धि कार्यक्रममा ६३ जना सहभागित भएका थिए।

२) २०७७।१२।८ बनेपा नगरपालिका वडा नं ९ स्थित नगर स्वास्थ केन्द्रमा आखँा शिविर सम्पन्न गरियो जसमा २९६ जनाले आखँा परीक्षण गरियो जसमा ६३ जनालाई चस्मा बितरण गरियो।

३) समूहगत बचत उप–समितिको बैठक ३ पटक बसियो।

अन्तमा यस बार्षिक साधारण सभामा पाल्नु भएका मुख्य अतिथि, अतिथिगन,सल्लाहकार, उपस्थित शेयर सदस्य महानुभावहरु समिति तथा उप–सतिति पदाधिकारी र सदस्यहरु र कर्मचारी मित्रहरुबाट यस समुह बचत कार्यक्रम संचालन उप–समितिलाई अझ अगाडी बढाउनका लागि आफ्नो राय, सल्लाह र सुझाव प्रदान गरी अगामी बर्षमा गरिने कार्यक्रमहरुलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा र विश्वासका साथ समूह बचत कार्यक्रम उपसमितिको बार्षिक प्रतिवेदन यही टुङ्ग्याउन चाहन्छु।

**धन्यबाद, जय सहकारी, जय चण्डेश्वरी**

संयोजकः रुकमणी देवी पोटे राजभण्डारी
सदस्य : सुवन कुमार प्रधान
सदस्यः दया प्रजापति

## ऋण लिनका लागि आवश्यक कागतजातहरु

क) व्यक्तिगत एवं पारिवारिक विवरण।
ख) माग ऋण उद्देश्यको कागजातहरु।
ग) आय श्रोतको विवरणमा भएसम्मको प्रमाणित कागजातहरु।
घ) नागरिकताको फोटोकपी निबेदक र अंशियार समेतको।
ङ) पासपोर्ट साईजको फोटो निबेदक र अंशियार समेतको
च) जग्गा धनि प्रमाण पुर्जाको फोटोकपी।
छ) प्रमाणित नापी नक्शा, ट्रेस नक्शा र फाइल नक्शा समेत।
ज) हाल सालैको जग्गाको तिरो तिरेको रसिद।
झ) सम्बन्धीत वडा कार्यालयबाट चार किल्ला प्रमाणित सिफारिस।
ञ) जग्गाको रजिष्ट्रेशन लिखत नयाँ नामसारीको हकमा।
ट) घर भएमा नक्शा पास, घरको नक्सा पास प्रमाण-पत्रको फोटोकपी, घरको फोटो र घरको बीमा
ठ) माग ऋण शीर्षक सम्बन्धीत अन्य व्यवसाय दर्ता, सो व्यवसाय सम्बन्धी अनुभव लगायत सिफारिस भएमा सो को प्रतिलिपि कागजात र बीमा
ड) धितो सुरक्षंण दिने घर/जग्गाको अन्य अंशियारहरुको ना.प्र. पत्रको फोटोकपी र फोटो।
ठ) व्यक्तिगत जमानत तोकिएको ऋणमा जमानत बस्नेको ना.प्र. पत्रको फोटोकपी र फोटो।
ण) मो.सा. वा गाडी धितो सुरक्षणका लागि सवारी साधनको बिल बुक, रोड परमित र कर बुकको फोटोकपी, सवारी साधनको पुरै बीमा पोलिसी साथै रकम तिरेको रसिद, सवारी साधनको फोटो।
त) संस्थाबाट शेयरको प्रमाण-पत्रको फोटोकपी।

# ऋण तथा अर्थ व्यवस्थापन उप-समितिको वार्षिक प्रगति प्रतिवेदन



**जयओम बादे**
संयोजक

आज यस संस्थाको २९ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशिष्ट अतिथी महानुभावहरु, विभिन्न संघ संस्था, सहकारी संस्थाबाट पाल्नु भएका प्रतिनिधीज्यूहरु, पत्रकार मित्रज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समिति, लेखा सुपरीवेक्षण समिति एवं अन्य उपसमितिहरु, कर्मचारी परिवार लगायत उपस्थित आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा सहकारी अभिवादन ।

आजको यस गरिमामय २९ औं वार्षिक सधारण सभा कार्यक्रममा यहाँहरु समक्ष यस संस्थाको ऋण तथा अर्थ व्यवस्था उपसमितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

यस संस्था उन्नान्तिसौं बसन्त पार गदै गर्दा यस संस्थाले काभ्रे जिल्ला भरिबाट ७७०५ जना सदस्यहरुबाट जम्मा रु १,१४,२४,२८,१४६/५१ को कारोबार गर्न सफल भएको छ भने आ.ब. ०७६/०७७ मा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कुन)को प्राविधिक सहयोग र एशियाली ऋण महासंघको प्रत्यक्ष स्थलगत परिक्षण आधारमा यस संस्थाले एशियाली स्तरको एक्सेस ब्रोञ्ज ब्राण्ड-२०१९ पदक हासिल गरिसकेका छौं । यस उपलब्धीका लागि संस्था स्थापना देखि हाल सम्म प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा यस संस्थालाई साथ सहयोग र माया दिने शेयर सदस्य, सल्लाहकारहरु, संचालक समिति, लेखा सुपरिबेक्षण समिति, बिभिन्न उप-समिति, कर्मचारी, सहकारीकर्मी र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. र एशियाली ऋण महासंघ प्रति हर्दिक आभार एवं धन्यावाद ज्ञापन गर्दछौ । यस बर्ष पनि महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को दोश्रो लहरको प्रभावका कारण देश भरि नै निषेधाज्ञा र शिलबन्दी भएका हुँदा संस्थालाई पनि ऋण लगानीमा समस्या रहेको साथै ऋणी सदस्यहरुको व्यवसाय बन्द एवं आम्दानीमा असर परेकाले ऋण असुलीमा पनि समस्या भएको अवगत गराउँदछु जस कारण गस आर्थिक बर्षमा जस्तै लगानी र असुलीमा खासै प्रगाति गर्ने सकिएको छैन । तर पनि **BCP Plan** तथा जोखिम न्यूनिकरणको आधारमा लगानी भइरहेको जानकारी गर्दछु ।

यस संस्थाले ऋण व्यवस्थापन नीति २०७५ अनुसार यस उप-समितिले पाएको अधिकार क्षेत्र भित्र रहेको ऋण निबेदनको बिश्लेषण, ऋण लगानीको आधारहरु, ऋणको लागि धितो मूल्याङ्कन, 5C को मूल्याङ्कन आधार अनुसार ऋण प्रवाह गदै आएको छ । ऋण शिर्षक अनुसार रु १० लाख वा सो भन्दा बढीको ऋण लगानीमा संस्थागत मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गरी मात्र ऋण प्रवाह गदै आएका छौं । साथै संस्थाको ऋणमा निहित जोखिमलाई न्यूनिकरण निमित्त नियमानुसार नै ऋण जोखिम व्यवस्थापन पनि गरि आएको जानकारी गर्दछु ।

**१. ऋण लगानी तथा असुली सम्बन्धमा**

संस्थाको गत आ.ब.मा कुल कर्जा तथा सापटी हिसाब रु.७४,६१,९३,०८५ /४६ रहेको मा यस आ.व. मा रु. ७१,४५,००५/२८ ले कर्जा लगानी घटि भई कुल कर्जा तथा सापटी हिसाब रु.७३,९०,४८,०८० /१८ रहेको छ । अर्थात कुल सम्पत्तिको ६४.६९ प्रतिशत ऋण लगानी भएको छ । ऋण उपभोग गरेका कुल सदस्य संख्या ७६१ जना रहेको छ । विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| ऋण शिर्षक | गत बर्षको बाँकी ऋण रकम रु | यस बर्षको ऋण लगानी रकम रु | यस बर्षको ऋण असुली रकम रु | यस बर्षसम्म उठाउन बाँकी ऋण रकम रु | अनुपात |
|---|---|---|---|---|---|
| चण्डेश्वरी ऋण | ८,१८६,५९७.१० | २१,७३२,०००.०० | २५,८९९,९४८.६० | ४,०१८,६४८.५० | ०.५४% |
| नियमित ऋण | १,०७३,३९६.७१ | - | १,०७३,३९६.७१ | - | ०.००% |
| घर /जग्गा खरिद ऋण | ३२,७६१,१५४.९५ | १०,४६०,०००.०० | २०,१६३,५९४.५२ | २३,०५७,५६०.४३ | ३.१२% |
| शैक्षिक ऋण | ११,०६०,१६०.५६ | - | १,४६८,१६३.२५ | ९,५९१,९९७.३१ | १.३०% |
| धनजमानी ऋण | १२,५४०,६६९.२५ | १४,३७०,०००.०० | १३,७५१,४३६.५३ | १३,१५९,२३२.७२ | १.७८% |
| सेवा व्यवसाय ऋण | ८,७५६,८९३.१४ | ३,०००,०००.०० | १,३८७,६३७.१६ | १०,३६९,२५५.९८ | १.४०% |
| हार्यर पर्चेज ऋण | २३५,२९७,७०७.३१ | १०१,८६०,०००.०० | ८५,९०१,८३८.७८ | २५१,२५५,८६८.५३ | ३४.००% |
| व्यवसाय प्रबद्धन शुलभ ऋण | ९०,४२८,८२०.१० | २०६,६४७,४१२.३२ | २०६,४७९,७६२.१९ | ९०,५९६,४७०.२३ | १२.२६% |
| कृषि ऋण | ५,२१९,५९९.०७ | ११,१७५,०००.०० | ५,४२५,८६१.८३ | १०,९६८,७३७.२४ | १.४८% |
| साना तथा मझौला उद्योग ऋण | ५,००२,०४४.६१ | ८००,०००.०० | ३,०३२,०३२.२५ | २,७७०,०१२.३६ | ०.३७% |
| औद्योगिक ऋण | ७,८४१,९४९.६१ | ३,०००,०००.०० | २,०७८,१०६.०४ | ८,७६३,८४३.५७ | १.१९% |
| खरखाचो ऋण | १४,९४०,८०६.१४ | १९,०१०,०००.०० | ११,१२१,१२१.४८ | २२,८२९,६८४.६६ | ३.०९% |
| व्यापार ऋण | १५०,४७०,०७७.८७ | ७५,९१०,०००.०० | ६६,५३७,८४०.१२ | १५९,८४२,२३७.७५ | २१.६३% |
| घरनिर्माण ऋण | १६०,८२४,१८९.३३ | २०,३००,०००.०० | ५७,१४२,५०१.१६ | १२३,९८१,६८८.१७ | १६.७८% |
| कोभिड सहुलियत ऋण | - | ४,७००,०००.०० | - | ४,७००,०००.०० | ०.६४% |
| कर्मचारी संचय कोष ऋण | - | २,५३५,०००.०० | - | २,५३५,०००.०० | ०.३४% |
| मर्मत संम्भार ऋण | १,६३५,५४३.२४ | ३००,०००.०० | १,३५२,०९१.०५ | ५८३,४५२.१९ | ०.०८% |
| उठाउन बाँकी अतिरिक्त ऋण | १५३,४७६.४७ | ५२,९६८.३५ | १८२,०५४.२८ | २४,३९०.५४ | ०.००% |
| जम्मा | ७४६,१९३,०८५.४६ | ४९५,८५२,३८०.६७ | ५०२,९९७,३८५.९५ | ७३९,०४८,०८०.१८ | १००% |

२. **ऋण सीमा तथा अख्तियार सम्बन्धमा**

ऋण लगानी प्रक्रियालाई छिटो छरितो र ऋण कारोबार सरल सुलभ बनाउन ऋण व्यवस्थापन नीति २०७५ ले दिएको अधिकार अनुसार कर्मचारी व्यवस्थापनबाट दश लाख रुपैंया सम्म र ऋण तथा अर्थ व्यवस्थापन उप-समिति बाट चालिस लाख रुपैंया सम्म र सञ्चालक समितिबाट अधिकतम एक करोड रुपैंया सम्म ऋण स्वीकृत गरि लगानी गर्न सकिने अधिकारलाई सदस्यहरु लाई छिटो छरिटो ऋण लगानी गर्ने मिति २०७७।०९।२५ मा संचालक समितिको वैठक निर्णय अनुसार कर्मचारी व्यवस्थापनबाट पच्चिस लाख रुपैंया सम्म र ऋण तथा अर्थ व्यवस्थापन उप-समिति बाट पचहत्तर लाख रुपैंया सम्म र सञ्चालक समितिलाई पचहत्तर लाख भन्दा माथिको अख्तियार प्रत्यायोजन भएको जानकारी गराउदछौं । साथै प्रत्यक ऋण शिर्षक अनुसार पनि सीमा निधारण गरिएको छ ।

**३. ऋण जोखिम र जोखिम व्यवस्थापन**

**क. ऋण जोखिम गणना :-**

| क्र.सं. | विवरण | आषाढ ०७७ | % मा | आषाढ ०७८ | % मा |
|---|---|---|---|---|---|
| १ | असल ऋण ( भाखा ननाघेका ) | ७२१,६८४,०६०.१० | ९६.७२% | ६७४,६१४,११३.५९ | ९१.२८% |

| क्र.सं. | विवरण | आषाढ ०७७ | % मा | आषाढ ०७८ | % मा |
|---|---|---|---|---|---|
| २ | **कमसल ऋण ( १ महिना सम्म भाखा नाघेका )** | ९,४१४,०४२.१२ | १.२६% | २०,६२९,९११.५५ | २.७९% |
| ३ | **शंकास्पद ऋण ( २ महिना देखि १२ महिना सम्म भाखा नाघेका )** | १४,९०२,५०८.९४ | २.००% | ३१,५९२,८२५.४० | ४.२७% |
| ४ | **खराव ऋण (१२ महिना भन्दा माथि भाखा नाघेको )** | १९२,४७४.२९ | ०.०३% | १२,२११,२२९.६४ | १.६५% |
| | **जम्मा** | ७४६,१९३,०८५.४६ | १००% | ७३९,०४८,०८०.१८ | १००% |

**ख. ऋण जोखिम व्यवस्थापन :-**

| क्र.सं. | विवरण | जोखिम व्यवस्थापन | आषाढ ०७७ | आषाढ ०७८ |
|---|---|---|---|---|
| १ | **असल ऋण** | **१ प्रतिशत** | ७,२२८,६५४.७८ | ६,७०६,९१९.७८ |
| २ | **कमसल ऋण** | **१ प्रतिशत** | ९४१४०.४२१२ | २०६२९९.११५५ |
| ३ | **शंकास्पद ऋण** | **३५ प्रतिशत** | ५,२१५,८७८.१३ | ११०५७४८८.८९ |
| ४ | **खराव ऋण** | **१०० प्रतिशत** | १९२,४७४.२९ | १२२११२२९.६४ |
| | जम्मा | | १२,७३१,१४७.६२ | ३०,१८१,९३७.४३ |

**४. कार्य सम्पादन**

- आ.ब. २०७७/०७८ मा ऋण तथा अर्थव्यवस्थापन उप-समितिको बैठक ५० पटक बसी ऋण स्वीकृत र सिफारिस गरी ४९,५८,५२,३८०.६७ ऋण लगानी र रु ५०,२९,९७,३८५.९५ असुली गर्न सफल भएका छौं ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को प्रभावका कारण देश भरि नै बन्दाबन्दी (LOCKDOWN) भएका हुँदा संस्थाले गरेका ऋण लगानीमा २०७८ आषाढ मसान्त सम्म बन्दाबन्दी(LOCKDOWN) देखि लाग्ने बिलम्ब शुल्क तथा जरिवाना सबै छुट गरेका छ भन्ने २०७८ आषाढ मसान्त गते सम्ममा ऋणको किस्ता साँवा व्याज भुक्तान गर्नेलाई बन्दाबन्दी समयमा लागेको व्याजमा ८% र व्याज मात्र भुक्तान गर्नेलाई ५% छुट प्रदान गरिएको छ ।
- आ.ब. २०७६/०७७ को संरक्षित पूँजि फिर्ता कोषबाट नियमित किस्ता भुक्तान गर्ने ५२२ जना ऋणी सदस्यहरुलाई संरक्षित पूँजि फिर्ता कोष-२०७३ बमोजिम रु ३१,८६,४२३/७५ रकम बाँडफाँड गरिएको छ । त्यसैले प्रत्येक ऋणी सदस्यहरुले ऋणको किस्ता (साँवा र व्याज) भुक्तानी तालिका अनुसार समयमा भुक्तानी गरि संरक्षित पूँजि फिर्ताकोष बितरण गरिने सुविधाबाट लाभान्वीत हुन अनुरोध गर्दछु ।
- भाखा नाघेका ऋणहरुलाई असुल उपर गर्न  ऋण व्यवस्थापन नीति २०७५ अनुसार ऋण उप-सिमिति र कर्मचारीहरु सयुक्त रुपमा ऋणी सदस्यहरुको घरदैलोमा गई भेटघाट गरियो ।

**५. आगामी ऋण प्रबर्द्धन कार्ययोजना**

- आ.ब. ०७८।०७९ को बार्षिक कार्यक्रम योजना अनुसार ऋण लगानी प्रबर्द्धन कार्यक्रम बर्ष भरिमा ४ पटक कार्यक्रम सञ्चालन गरिने छ ।
- कोरोना भाइरस (COVID-19) को प्रभावका कारण व्यापार, व्यवसाय, उद्योगका साथै आफ्नो नोकरीमा परेको असरले आम्दानी घट्न गई ऋणको किस्ता तिर्न नसकेका ऋणी सदस्यहरुलाई ऋणमा पुर्न

तालिकीकरण गर्नका साथै किस्ता तिर्ने समयवाधिको थपका लागि कार्यबिधि अनुसार लागु गरिने छ ।

- कोरोना भाइरस (COVID-19) को कारण लकडाउन भई व्यवसायहरु बन्द हुन गई व्यवसायीक ऋणी सदस्यहरुलाई व्यवसाय पुर्न संचालनमा ल्याउनका वा पुँजी थप निमिति आवश्यक पुर्न कर्जा कार्यबिधि अनुसार लगानी गरिनेछ ।
- ऋण प्रवर्द्धन कार्यक्रममा KYM अनुसार सदस्यहरुको पेशा र उमेर अनुसार वर्गीकृत गरी ऋण शिर्षकको आधारमा सदस्यहरुको आवश्यकता बिश्लेषण गरि नँया आवश्यक ऋण प्रवर्द्धन कार्यक्रम तयार गरिने छ ।
- संस्थाको कुल सदस्यको करिब १० प्रतिशत सदस्यहरुको मात्र ऋण उपभोग गरिरहेको अवस्थामा वजार बिश्लेषण गरी अन्य सदस्यहरुलाई पनि ऋण कारोबारमा सहभागिता जनाउन प्रात्साहित गर्नेछ ।
- कोरोना भाइरस (COVID-19) को कारण रोजगारी गुमेका सदस्यहरुलाई आत्मानिर्भरताको लागि व्यवसाय गर्न चाहने सदस्यहरुलाई यस संस्थाबाट कृषि तथा पशुपालन, साना तथा मझौला उद्योग ऋण, कोभिड सहुलियत सेवा व्यवसाय ऋण र उद्योग ऋणमा थप सहुलिएत व्याजदरमा ऋण प्रदान गरिनेछ ।
- प्रत्येक नँया सदस्यलाई प्रदान गरिने सहकारी शिक्षा कार्यक्रममा ऋण प्रवर्द्धन कार्यक्रममा पनि समावेश गरिने छ ।

अन्तमा सफल उद्यमशिलताबाट रोजगारी तथा स्वरोजगारका अवसरको सृजना तथा दिगो र फराकिलो आर्थिक बृद्धिका लागि आधार बिकास गर्न अग्रसर रहेको यस चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.लाई सहयोग र निरन्तर साथ दिने सम्पूर्ण आदरणिय शेयर सदस्यहरुज्यूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । भविष्यमा पनि सुरक्षित ऋण लगानी तथा समयमा नै ऋण असुलीका लागि सकारात्मक सुझाब र सल्लाहको अपेक्षा गर्दै प्रतिवेदन समापन गर्न अनुमती चाहन्छु ।

जय सहकारी ! जय चण्डेश्वरी !!

संयोजक : जय ओम बादे
सदस्य : रमेश काजी श्रेष्ठ
सदस्य : हेमन्त राज प्रधान

## सदस्यताका लागि चाहिने आवश्यक कागजात तथा शुल्क :-

१. कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाण

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि - १ प्रति

३. पासपोर्ट साइजको फोटो - २ प्रति

४ सदस्यता शुल्क - कुनै पनि शुल्क नलाग्ने ।

५. अनिवार्य नियमित १० बर्षे मासिक बचत

६. शेयर न्यूनतम ५ कित्ता

७. ऐच्छिक बचत

## २०७८ असोज ९ गते देखि लागुहुनेगरी कायम गरिएको
## बचत तथा ऋणका व्याजदर

| बचत कार्यक्रम | | | | ऋण कार्यक्रम | |
|---|---|---|---|---|---|
| क्र.सं. | बचत किसिम | ब्याजदर | क्र.सं. | ऋण किसिम | ब्याजदर |
| १. | नियमित बचत कार्यक्रम | ६% | १. | कृषि तथा पशुपालन | १०% |
| २. | नियमित मासिक ऐच्छिक बचत | ५% | २. | साना तथा मझौला उद्योग संचालन | ११% |
| ३. | घरदैलो बचत कार्यक्रम | ५% | ३. | औद्योगिक ऋण | ११% |
| ४. | दैनिक बचत कार्यक्रम | ५% | ४. | ब्यापार ब्यबसाय | १२% |
| ५. | बिशेष बचत कार्यक्रम | ५% | ५. | सेवा ब्यबसाय | १०% |
| ६. | लघुबित्त बचत कार्यक्रम | ५% | ६. | बैदेशिक रोजगार | १३% |
| ७. | ब्यापारीक बचत कार्यक्रम | ५% | ७. | हायरपर्चेज चारपाङ्ग्रे ऋण लगानी | १३% |
| ८. | जेष्ठ नागरिक बचत कार्यक्रम | ५.५% | ८. | हायरपर्चेज दुईपाङ्ग्रे ऋण लगानी | १३% |
| ९. | नरनारी बचत कार्यक्रम | ५.५% | ९. | घर निर्माण ऋण लगानी | १२.५% |
| १०. | चाँडपर्ब बचत कार्यक्रम | ५.५% | १०. | घर/जग्गा खरिद | १३% |
| ११. | बाल बचत | ६% | ११. | खरखाचो ऋण | १३% |
| १२. | आबधिक बचत कार्यक्रम | | १२. | अतिरिक्त पाउनुपर्ने ऋण लगानी | शिर्षक अनुसार |
| | ६ महिना चण्डेश्वरी बचत | एकमुष्ट ९% | १३. | ब्यबसाय प्रबर्द्धन शुलभ ऋण | १३% |
| | १ बर्ष चण्डेश्वरी त्रैमासिक र बार्षिक | त्रैमासिक ९.५% | १४. | शैक्षिक ऋण | १३% |
| | | | १५. | मर्मत सम्भार ऋण | १३% |
| | | | १६. | धन जमानत ऋण लगानी | १४% |
| | | | १७. | चण्डेश्वरी (आबधिक) ऋण लगानी | थप २ % |

# चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.को

बिनियम -२०५० को संशोधित बिनियम २०५९को

**पुर्नलेखन तथा संशोधन २०७२ को संशोधित प्रस्ताव**

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | दफा -२ भाषा शुद्ध | २.कार्य क्षेत्र :- संस्थाको कार्यक्षेत्र काभ्रे पलाञ्चोक जिल्लमा सिमित रहने छ। | २.कार्य क्षेत्र :- संस्थाको कार्यक्षेत्र काभ्रे पलाञ्चोक जिल्लामा सिमित रहने छ। | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| २ | दफा ३ को उपदफा १ भाषा शुद्ध | १.संस्थाको अबिच्छन उत्तरधिकारी वाला एक श्वशासित संस्था रहने छ । | १.संस्था अबिच्छिन्न उत्तराधिकारी वाला एक स्वश(ासित संस्था हुनेछ । | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ३ | दफा ३ को उपदफा ३ भाषा शुद्ध | ३.यो छाप संचालन समितिबाट अधिकार प्रप्त ब्यक्तिको जिम्मामा रहने छ । | ३.संस्थाको छाप संचालक समितिबाट अधिकार प्राप्त ब्यक्तिको जिम्मामा रहने छ । | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ४ | दफा ४ को उपदफा १ भाषा शुद्ध | १."संस्थपक" ........ | १."संस्थापक" ........ | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ५. | दफा ४ को उपदफा २ भाषा शुद्ध | २."शेयर" भन्नले ........ | २."शेयर" भन्नाले ........ | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ६ | दफा ४ को उपदफा ९ भाषा शुभ | ९."ऋण" भन्नले ........ | ९."ऋण" भन्नाले ........ | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ७ | दफा ४ को उपदफा ११ संशोधन | ११."ऐन" भन्नाले सहकारी ऐन २०४८ सम्झनु पर्दछ । | ११."ऐन" भन्नाले सहकारी ऐन २०७४ सम्झनु पर्दछ | सहकारी ऐन २०४८ खारेज भै सहकारी ऐन २०७४ लागु भै सकेको ले संशोधन गरीएको |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| ८ | दफा ४ को उपदफा १२ संशोधन | १२ "नियमावली" भन्नाले सहकारी नियमाली २०४९ सम्झनु पर्दछ । | १२ "नियमावली" भन्नाले सहकारी नियमाली २०७५ सम्झनु पर्दछ । | सहकारी नियमावली २०४९ खारेज भै सहकारी ऐन २०७५ लागु भै सकेकोले संशोधन गरीएको |
| ९ | दफा ४ को उपदफा १९ भाषा शुद्ध | "निक्षष " भन्नाले ... | "निक्षष " भन्नाले .. | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १० | दफा ४(ख) भाषा शुद्ध | ४(ख)बचत तथा ऋण कारोबार गर्दा बिश्व ऋण परीक्षड ,वकुद्धारा प्रतिपादित ......... | ४(ख)बचत तथा ऋण कारोबार गर्दा बिश्व ऋण परिषद ,वकुद्धारा प्रतिपादित ......... | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ११ | दफा ४(ख) को उपदफा १ भाषा शुद्ध | १.प्रजातान्धि संरचना - | १.प्रजातान्त्रिक संरचना - | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १२ | दफा ४(ख) को उपदफा ३ भाषा शुद्ध | ३.सामाजीक उद्देश्यहरुर | ३.सामाजीक उद्देश्यहरु | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १३ | दफा ५ को उपदफा १ भाषा शुद्ध | १.जिल्लब्यापी रुपमा ............... | १.जिल्लाब्यापी रुपमा ............... | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १४ | दफा को उपदफा ४ भाषा शुद्ध | ४.समाजमा पिछडिएका............ बचत गर्ने बानी बसाध्यन कार्यक्रमहरु सचालन गर्ने | ४.समाजमा पिछडिएका............ बचत गर्ने बानी बसाल्न कार्यक्रमहरु सचालन गर्ने | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १५ | दफा ६ को उपदफा ६ भाषा शुद्ध | ६.संस्थाको केन्द्रिय कार्यालय देखि .................समितिका पदाधिक(ारहरुलाई जबाफदेहिताको महशुन हुने कार्यक्रमहरु संचालन गर्ने । | ६.संस्थाको केन्द्रिय कार्यालय देखि .................समितिका पदाधिकारीहरुलाई जबाफदेहिताको महशुन हुने कार्यक्रमहरु संचालन गर्ने । | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्ताबित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १६ | दफा ६ को उपदफा ९ भाषा शुद्ध | ९.संस्थाले राष्ट्र र अन्तराष्ट्र संध संस्थाहरु............ | ९.संस्थाले राष्ट्रिय र अन्तराष्ट्रिय संध संस्थाहरु............ | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १७ | दफा ८ को उपदफा १ संशोधन | १.१६ बर्ष उमेर पुगेको । | १.१८ बर्ष उमेर पुगेको । | मुलुक देवानी संहिता २०७४ दफा ३२ को उपदफा (१) ले १८ बर्ष पुरा भएको ब्यक्तिलाई बालिक कायम गरेकोले संशोधन गरीएको । |
| १८ | दफा ८ को उपदफा ३ भाषा शुद्ध | ३.यस बिनियमको पालन गर्न मन्जुर गर्ने ब्यक्ति। | ३.यस बिनियमको पालना गर्न मन्जुर गर्ने ब्यक्ति। | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| १९ | दफा ११ भाषा शुद्ध | ११.सदस्यताबाट राजिनामा :- सदस्यले संस्थाको सदस्यताबाट राजि( नामा दिने सकने छ .......... | ११.सदस्यताबाट राजिनामा :- सदस्यले संस्थाको सदस्यताबाट राजिनामा दिने सक्ने छ.......... | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| २० | दफा १४ को उपदफा ४ संशोधन | ४.संस्थाले संकलिन पुंजीको आधार मा ..................अनुमोदन गराउने गरी डिभिजन सहकारी कार्यालयको स्वीकृति लिई पुंजी बृद्धि गर्दै लाने सक्नेछ । | ४.संस्थाले संकलिन पुंजीको आधारमा ..................अनुमोदन गराउने गरी सम्बन्धित र जिष्टार वा रजिष्टारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिई पुंजी बृद्धि गर्दै लाने सक्नेछ । | डिभिजन सहकारी कार्यालय स्थानिय निकायमा स्थानान्तरण भएकोले संशोधन गर ीएको । |
| २१ | दफा १६ संशोधन | १६.शेयरको हस्तान्तरण वा वा फिर्ता :- सदस्यले शेयर बापतको रकम संस्थाको बिघटन भएपछि मात्र फिर्ता पाउन सक्ने छन । तर बिनियमको अधिनमा रही शेयरको हस्तान्तरण भने गर्न सक्ने छन । | १६.शेयर फिर्ता :- सदस्यले सदस्यता त्यागी शेयर रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरी, गर ाई भुक्तान गरेको मितिले ३ महिना भित्र निजको शेयर बापतको बांकि रकम तोकिए बमोजिम फिर्ता गर्नु पर्नेछ । | सहकारी ऐन २०७४ को दफा ६४ को उपद( फा (१) बमोजिम हुनु पर्ने भएकोले संशोधन गरीएको । |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| २२ | दफा २० को उपदफा ६<br>भाषा शुद्ध तथा संशोधन | ६.साधारण सभाका निर्णसहरु प्रमाणित गर्नको लागि साधारण सदस्यहरुबाट २ जनाको प्रतिनिधि छनौट गरीने छ। | ६.साधारण सभाका निर्णयहरु प्रमाणित गर्नको लागि साधारण सदस्यहरुबाट संचालक समितिका पदाधिकारीहरुको संख्या भन्दा एकजना बढी हुने गरी प्रतिनिधि छनौट गरीने छ। | भाषा शुद्ध बनाउनु पर्ने भएको र साधारण सभाका निर्णयहरु प्रमाणित गर्न संचालक समितिका पदाधिकारीहरुको संख्या भन्दा एकजना बढी हुने गरी प्रतिनिधि छनौट गर्नु पर्ने भएकोले संशोधन गरीएको |
| २३ | दफा २३ संशोधन | २३.संचालक समिति :- १) संस्थामा ११ जनाको संचालक समिति रहने छ । जसमा संस्थापक, संहसंस्थापक र साधारण सदस्यहरु मध्येबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरुप हुनेछ । जस्मा एक जना अध्यक्ष, एकजना उपाध्यक्ष , एक जना सचिब , एक जना कोषाध्यक्ष, एक जना सह-सचिब, एकजना सह-कोषाध्यक्ष र ५ जना सदस्यहरु रहने छन । | २३.संचालक समिति :- संस्थामा ११ जनाको संचालक समिति रहने छ । जसमा संस्थापक, संहसंस्थापक र साधारण सदस्यहरु मध्येबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरुप हुनेछ । जस्मा एक जना अध्यक्ष, एकजना उपाध्यक्ष , एक जना सचिब , एक जना कोषाध्यक्ष, एक जना सह-सचिब र ६ जना सदस्यहरु रहने छन । | संचालक समितिमा पदाधिकारीहरुको संख्या भन्दा सदस्यहरको संख्या बढी हुनु पर्ने भएकोले |
| २४ | दफा २४<br>संशोधन तथा थप | २४.सञ्चालक कार्यकाल : १)संचालकहरुको पदावधि ५ बर्ष हुने छ ,तर यिनीहरु समितिमा पुन निर्वाचित हुन सक्नेछन । संचालक पदमा कुनै कारणबाट रिक्त भएमा सो पदको पुर्ति संस्थापक, सहसंस्थापक र साधारण सदस्यहरु मध्येबाट बांकि अवधिको लागि संचालक समितिले सहबरण गर्नेछ । | २४.सञ्चालक कार्यकाल : १)संचालकहरुको पदावधि ४ बर्ष हुने छ ,तर यिनीहरु लगातार २(दुई) कार्यकाल भन्दा बढी कार्यकाल समितिमा पुन निर्वाचित हुन सक्नेछैन । संचालक पदमा कुनै कारणबाट रिक्त भएमा सो पदको पुर्ति बांकि कार्यकालको लागि उप-निर्वाचनद्धारा गरीने छ । | सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा (७) को खण्ड (क) मा संचालक समितिको कार्यावधि ४ बर्ष कायम गरीएकोल संशोधन गरीएको र संञ्चालक पद कुनै कारणबश रिक्त भएमा बांकि कार्यकालको लागि |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | | | उप-निर्वाचनद्धारा पदपुर्ति गर्नु पर्ने भएकोले थप गरीएको । |
| २५ | दफा २८ को उपदफा (४) संशोधन | ४.बिनियम ८ को खण्डन छ बमोजिम सदस्यता समाप्त भएमा । | ४.बिनियमको दफा ८ बमोजिम सदस्यको लागि योग्यता नपुगेमा । | संस्थाको सदस्य हुन योग्यना नपुगेमा संचालकको पदमा पनि बहलमा रहन नसक्ने भएकोले संशोधन गरीएको । |
| २६ | दफा २८ को उपदफा ५ संशोधन | ५.समितिको कुनै सदस्य सोहि संस्थाको कर्मचारी भई काम गरेमा । | ५.समितिको कुनै सदस्य सोहि वा अर्को संस्थाको कर्मचारी भई काम गरेमा । | अर्को सहकारी संस्थाको कर्मचारी पनि संचालक पदमा बहाल रहन नसक्ने भएकोले संशोधन गरीएको । |
| २७ | दफा २८ को उपदफा ५ पछि थप | | ६.साधारण सभाको बहुमतको निर्णयबाट संचालक पदबाट हटाउने निर्णय गरेमा ।<br>७.अर्को सहकारी संस्थामा संचालक समिति वा लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा । | सहकारी ऐन २०७४को दफा ४४ मा भएको ब्यबस्था बमोजिम पदावधि समाप्त हुने ब्यबस्थामा थप गरीएको । |
| २८ | दफा २९ को उपदफा २० पछि थप । | | २१.सहकारीका मुल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था संचालन गर्ने ।<br>२२.बिशेष साधारण सभा बोलाउने ।<br>२३.शेयर नामसारी तथा फिर्ता सम्बन्धि कार्य गर्ने ।<br>२४.बिनियम तथा आन्तरीक कार्यबिधि तयार गरी साधारण सभा समक्ष पेश गर्ने ।<br>१५.संस्थाको कार्यक्षेत्रभित्र रही संस्थाको कारोबार र ब्यबसायको हित प्रबर्द्धनको लागि आवश्यक कार्य गर्ने , गराउने । | सहकारी ऐन २०७४ को दफा ४३ मा भएको ब्यबस्था बमोजिम संचालक समितिको काम,कर्तब्य र अधिकार मा थप गरीएको । |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| २९ | दफा ४८ को उपदफा १ र २ संशोधन | १.प्रत्येक आ.ब.को संस्थाले कुल ऋण लगानीको रकमको बढीमा ५%(प्रतिशत) सम्म रकम खर्चको रुपमा जोखिम ब्यहोर्ने कोष खडा गरी संचालक समितिले ऋण तथा अर्थ ब्यबस्था उप-समितिको बैठक सिफारीस भए अनुसार जोखि ऋण र कम कोष मार्फत ब्यहोर्ने छ ।,<br>२.प्रत्येक आ.ब.श्रावण १ गतेदेखि आषाढ मसान्त सम्मको संस्थाले गरे को कारोबारको हिसाबलाई जांच भएपछि शुद्ध बचतको कम्तिमा २५ % (प्रतिशत) रकम जगेडा कोषमा राखिने छ । | ४८.जगेडा कोष- १) संस्थामा एक जगेडा कोष र हनेछ ।<br>२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमो जमको रकम रहने छ।<br>क.आर्थिक बर्षको खुद बचत रकमको कम्तिमा पच्चीस प्रतिशत रकम ।<br>ख.कुनै संध संस्था वा निकायले प्रदान गरेको पुंजीगत अनुदान ।<br>ग.स्थिर सम्पति बिक्रिबाट प्राप्त रकम ।<br>घ.अन्य श्रोतबाट प्राप्त रकम ।<br>३) उपदफा (१) बमोजिमको कोषको रकम अबिबाज्य हुनेछ । | सहकारी ऐन २०७४ को दफा ६८ मा गरीएको कानुन ब्यबस्था बमोजिम संशोधन गरीएको । |
| ३० | दफा ४८ पछि दफा ४८.१ थप | | ४८.१.संरक्षित पुंजी फिर्ता कोष<br>१)संस्थामा एक संरक्षित पुंजी फिर्ता कोष रहनेछ ।<br>२) दफा ४८ को उपदफा २ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बांकि रहेको रकमलाई १०० प्रतिशत मानि सो रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा बार्षिक रुपमा जम्मा गरीने छ।<br>३)उपदफा (१) बमोजिमको कोषमा रहेको रकम यस संस्थाका सदस्यहरुले गरेको तोकिए बमोजिमको बार्षिक कारोबारको आधारमा संस्थाका सम्बन्धित सदस्यहरुलाई उपलब्ध गरीने छ। | सहकारी ऐन २०७४ को दफा ६९ मा गरीएको कानुन ब्यबस्था बमोजिम थप गरीएको । |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| ३१ | दफा ४८.१ पछि दफा ४८.२ थप | | ४८.२.सहकारी प्रबर्द्धन कोष-१) संस्थामा एक सहकारी प्रबर्द्धन कोष रहनेछ ।<br>२) सहकारी ब्यबसाय प्रबर्द्धनको लागि दफा ४८ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बांकि रहेको रकमलाई १०० प्रतिशत मानि सो रकमको शुन्य दशमलब पांच प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा बार्षिक रुपमा जम्मा गरीने छ। | सहकारी ऐन २०७४ को दफा ७० मा गरीएको कानुनी ब्यबस्था बमोजिम थप गरीएको । |
| ३२ | दफा ४९ संशोधन | ४९.शुद्ध बचतको बांडफांड :<br>१. शुद्ध बचतको २५ % (प्रतिशत) जगेडा कोषमा छुट्याई बांकि रकमलाई १००% मानी सो मध्येबाट देहायका कोषहरु खडा गरीने छ ।<br>(१) शेयर लाभांश कोष ६५ %<br>(२) संरक्षित पुंजि कोष १० %<br>(३) कर्मचारी बोनस कोष ५ %<br>(४) धाटा पुर्ति कोष ५ %<br>(५) सहकारी शिक्षा कोष ५ %<br>(६) संस्था बिकास कोष ५ %<br>(७) कर्मचारी कल्याण कोष ५ % | ४९.खुद मुनाफाको २५ प्रतिशत रकम दफा ४८ बमोजिमको जगेडा कोषमा छुट्याई बांकि रहेको रकम( लाई १०० प्रतिशत मानी दफा ४८.१ बमोजिमको संरक्षित पुंजी फिर्ता कोषमा पच्चीस प्रतिशत र दफा ४८.२ बमोजिमको सहकारी प्रबर्द्धन कोषमा शुन्य दशमलब पांच प्रतिशत रकम बार्षिक रुपमा छुट्याई बांकि रकमलाई १०० प्रतिशत मानी सोहि प्रयोजनमा मात्र खर्च गर्ने गरी देहाय बमोजिमको कोष खडा गरीने छ।<br>क) शेयर लाभांश कोष ७० %<br>ख) धाटा पुर्ति कोष ५ %<br>ग) सहकारी शिक्षा कोष ५ %<br>घ) सहकारी बिकास कोष ५ %<br>ङ) जोखिम ब्यबस्थापन कोष ५%<br>च)सदस्य सुरक्षा हित राहत कोष ५%<br>छ) स्थीरीकरण कोष ५% | दफा ४८ संशोधन र दफा ४८.१ र ४८.२ थप गरीएकोले संशोधन गरीएको । |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| ३३ | दफा ४९ को उपदफा २ संशोधन | २. शेयर लाभांश कोषबाट लाभांश वितरण गर्दा शेयर पुंजीको १५% भन्दा बढी नहुने गरी वितरण गर्नु पर्ने छ। | २.शेयर लाभांस कोषबाट लाभांश बितरण गर्दा शेयर पुंजीको १८ प्रतिशत भन्दा बढी नहुने गरी बितरण गर्नु पर्नेछ। | सहकारी ऐन २०७४ को दफा ७१ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्याशमा भएको कानुनी ब्यबस्था बमोजिम संशोधन गरीएको। |
| ३४ | दफा ४९ को उपदफा ३ संशोधन | ३.कर्मचारी बोनस कोषबाट कर्मचारीहरुलार्य बोनस बितरण गर्दा नियमानुसार गरीनेछ। | ३.आयकरको ब्यबस्था गर्नु भन्दा अगाडि संचालन मुनाफाको १० प्रतिशत रकम कर्मचारी बोनस कोषमा छुट्याईने छ। तर,कर्मचारी बोनस कोषमा छुट्याईको रकमबाट ३ महिनाको तलब बराबर भन्दा बढी रकम बितरण गरीने छैन | बोनस ऐन अनुसार हुनु पर्ने भएकोले संशोधन गरीएको। |
| ३५ | दफा ५८ को उपदफा १ भाषा शुद्ध | १.संस्थाको सदस्यताको आवेदन फारममा हकवाला मनोनयन गर्नु पर्नेछ। हकवाला मनोनयन गर्दा कम्तिमा २ जना संस्थाको सदस्यहरुको रोहबरमा लिखित गरी गरीने छ र त्यस्तो लिखितममा मनोनित गर्ने सदस्यको सही छाप र साक्षी ल्गायत हकवालाको समेत सहिछाप गरेको हुनु पर्नेछ। | १.संस्थाको सदस्यताको आवेदन फारममा हकवाला मनोनयन गर्नु पर्नेछ। हकवाला मनोनयन गर्दा कम्तिमा २ जना संस्थाको सदस्यहरुको रोहबरमा लिखित रुपमा गरीने छ र त्यस्तो लिखितमा मनोनित गर्ने सदस्यको सहीछाप र साक्षी लगायत हकवालाको समेत सहिछाप गरेको हुनु पर्नेछ। | भाषा शुद्ध बनाउनु पर्ने भएकोले |
| ३६ | दफा ५९ को उपदफा १ संशोधन | १.कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको बचत रकम निजले बिनियमको बिनियम ६१ बमोजिम मनोनित................. | १.कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको बचत रकम निजले बिनियमको दफा ५८ बमोजिम मनोनित................. | दफा ५८ हुनु पर्नेमा दफा ६१ भएकोले |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| ३७ | दफा ६६ को उपदफा २ संशोधन | २. ………. संस्था बिघटन गर्दा सहकारी ऐन २०४८ को दफा ४१ र ४१ को प्रक्रिया पालना गरीनेछ । | २……………. संस्था एकिकरण ,बिभाजन र बिघटन गर्दा सहकारी ऐन २०७४ को परीच्छेद १५ को दफा ८७ र ८८ तथा सहकारी नियमावली २०७५ को परीच्छेद ९ को नियम ३९,४० र ४१ को प्रक्रिया पालना गरीनेछ । | सहकारी ऐन २०४८ र सहकारी नियम(ावली २०४९ खारेज भै सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ लागु भएकोले । |
| ३८ | दफा ६६(ग) खारेज | दफा-६६(ग)- बिनियम संशोधन<br>संस्था कुल सदस्य संख्य मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरुको निर्णयबाट प्रचलित सहकारी ऐन नियम ,सहकारी बिभागको निर्देशन र मापदण्ड तथा सहकारीका सिद्धान्तको अधिनमा रही संस्थाले आफ्नो बिनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएका बिनियम सहकारी ऐन बमोजिम डिभिजन सहकारी कार्यालय काभ्रे, धुलिखेलमा पेश गरी रजिष्टार वा निजको अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिए पछि लागु हुने छ। | | बिनियमको दफा ६५ मा बिनियम संशोधन र अनुसुची हेरफेरको ब्यबस्था भएकोले खारेज गरीएको । |
| ३९ | दफा ६६(घ) खारेज | दफा-६६(घ)-ब्याख्या गर्ने अधिकार<br>यस बिनियमको ब्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन , नियम बमोजिम हुनेछ । | | बिनियमको दफा ६२ मा ब्याख्या गर्ने ब्यबस्था भएकोले खारेज गरीएको । |

| क्र.सं. | दफा वा उपदफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| ४० | दफा ६६(ङ)<br>खारेज | दफा ६६(ङ)-मध्यस्थता सम्बन्धि ब्यबस्था<br><br>संस्थाको कुनै प्रकारको बिबाद समाधान गर्ने कार्यमा सम्बन्धित जिल्लाको जिल्ला सहकारी संध वा बिषयगत जिल्ला सहकारी संध वा संस्था आवद्ध रहेको अन्य सहकारी संघसंग आवश्यकतानुसार मध्यस्थता गरी समास्य समाधानको लागि समितिले अनुरोध गर्न सक्नेछ। संस्थामा बिद्यमाया बिबाद वा अन्य समस्याहरु सुल्झाउन डिभिजन सहकारी कार्यालय ,काभ्रे, धुलिखेलले आफैले वा सहकारीका कुनै संधका पदाधिकारी मार्फत पहल गरेमा संस्थाको सबै सदस्य पाधिकारीहरुले सहयोग पुऱ्याउनु पर्ने छ। | | बिनियमको दफा ६३ मा मध्यस्थता सम्बन्धि ब्यबस्था भएकोले खारेज गरीएको । |

**यस संस्थाको कार्यालयकमा दर्ता भई जानकारी प्राप्त भए अनुसार संस्थामा आवद्ध शेयर सदस्यहरुको विभिन्न मितिमा स्वर्गारोहण भएकोमा, स्वर्गिय हुने शेयर सदस्यहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पर्ण गर्दछौं साथै शोक सन्तप्त परिवारजनमा धैंर्य धारण गर्ने शक्ति मिलोस् भनी श्री माई चण्डेश्वरीसँग प्रार्थना गर्दछौं ।**

# हार्दिक श्रद्धाञ्जली

| क्र.सं. | शेयर सदस्यको नाम | सदस्य नं. | ठेगाना | स्वर्गारोहण मिति |
|---|---|---|---|---|
| १. | लक्ष्मी प्रसाद कोजु | ००१०००७२३ | बनेपा-०८, काभ्रे | २०७७/०७/०७ |
| २. | जान केशरी प्रधान | ००१००८३९७ | बनेपा-०६, काभ्रे | २०७७/०७/०९ |
| ३. | महेन्द्र भक्त श्रेष्ठ | ००१०००४३७ | बनेपा-१३, सांगा | २०७७/०८/१६ |
| ४. | बिन्दा देबि मानन्धर | ००१००९९५९ | धुलिखेल-०७, काभ्रे | २०७७/०८/२१ |
| ५. | नकुल प्रसाद अधिकारी | ००१००७६८५ | बनेपा-०९, काभ्रे | २०७७/०८/२२ |
| ६. | ईश्वरी खत्री | ००१००९८०९ | बनेपा-१०, काभ्रे | २०७७/०९/०३ |
| ७. | मोहन माया श्रेष्ठ | ००१००१९५६ | बनेपा-०९, काभे | २०७७/०९/१५ |
| ८. | नारायण भक्त प्रधान | ००१००८०३७ | बनेपा-०९,काभे | २०७७/०९/२५ |
| ९. | सुर्यवती रंजित | ००१०००९०६ | बनेपा-०९, काभे | २०७७/१०/२५ |
| १०. | चेतनाथ दुलाल | ००१०००८२८ | बनेपा-०९, काभे | २०७७/१२/१७ |
| ११. | पार्वती बैदार | ००१००२७६७ | बनेपा-०५, काभे | २०७८/०१/११ |
| १२. | अनिल कुमार श्रेष्ठ | ००१००९५०३ | पाँचखाल-०६, काभे | २०७८/०१/१४ |
| १३. | कान्छी मानन्धर | ००१००९८७२ | बनेपा-०८, काभे | २०७८/०१/२७ |
| १४. | चन्द्रवती रंजित | ००१००२९५६ | बनेपा-०८, काभे | २०७८/०१/२८ |
| १५. | प्रकाश श्रेष्ठ | ००१०००२४४ | बनेपा-०८, काभे | २०७८/०१/२९ |
| १६. | रुपकमल बादे | ००१०००५५४ | बनेपा-०९, काभे | २०७८/०२/०३ |
| १७. | रामलाल बादे | ००१००२६६५ | बनेपा-०८, काभे | २०७८/०२/०७ |
| १८. | चम्पा देवि खाछिभोया | ००१००२५७९ | बनेपा-०९, काभे | २०७८/०२/१० |
| १९. | निर्मला देवि खागी | ००१०००४६० | बनेपा-०८, काभे | २०७८/०२/१६ |

## टिपोर्ट

# संस्थाको वार्षिक गतिविधिहरु























# ATM सेवा



## चण्डेश्वरी ए.टि.एम (ATM) का बिषेशताहरु

- नेपालभरीमा १२०० भन्दा बढि ATM नेटवर्क बाट नगद भुक्तानी लिन सकिने।
- बनेपा स्थीत चण्डेश्वरी साकोसको आफ्नो ATM बाट रकम भिक्दा कुनै शुल्क नलाग्ने ।
- एकचोटिमा रु १६,०००।- तथा एक दिनमा रु ५०,०००।- सम्म रकम झिक्न मिल्ने ।
- कार्डको समयावधि ४ बर्षसम्म रहने ।
- बचत मौज्दात को जानकारी पनि लिन सकिने (Balance Inquirey) ।
- नेपाल बाहेक भारत, भुटान का SCT नेटवर्कबाट रकम निकाल्न सकिने ।




**We Accept**

SCT · VISA · Maestro · JCB · MasterCard · UnionPay · Diners Club International · DISCOVER

# चण्डेश्वरी स्मार्ट मोबाईल बैंकिङ सिस्टम

**मोबाईल टपअप**: Nepal Telecom · Ncell · ADSL

**इन्टरनेट**: SUBISU · WORLDLINK · WebSurfer · vianet

**टि.भि.**: DishHome · SIMTV · NETTV

**फ्लाईट बुकिङ**: Saurya Airlines · shree airlines · Simrik Air Pvt. Ltd. · Yeti Airlines · Buddha Air

**बिल भुक्तानी**: नेपाल खानेपानी संस्थान

## हाम्रा सेवाहरु

- मिनी स्टेटमेन्ट जानकारी
- चेक अनुरोध
- चेक रद्द
- बचत मौज्दात जानकारी
- नगद ट्रन्सफर
- बचतको जानकारी
- ऋणको जानकारी



QR Payment
Scan generated QR to pay

*Available on :*

GET IT ON Google play · Available on the App Store